## पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको

# कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

कृषि विभाग

राष्ट्रिय फलफूल विकास केन्द्र

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

केन्द्रीय आयोजना व्यवस्थापन एकाइ

कीर्तिपुर, काठमाडौं

# पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको
# कार्यक्रम सञ्चालन कार्यविधि, २०८३


नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
**कृषि विभाग**
राष्ट्रिय फलफूल विकास केन्द्र
पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
केन्द्रीय आयोजना व्यवस्थापन एकाइ
कीर्तिपुर, काठमाडौँ

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
**कृषि विभाग**
राष्ट्रिय फलफूल विकास केन्द्र
पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
**केन्द्रीय आयोजना व्यवस्थापन एकाइ**
कीर्तिपुर, काठमाडौँ

फोन : ०१-५९०५०३७
इमेल : cpmu.nafha@gmail.com
वेबसाइट : www.nafha.gov.np
प्रकाशन वर्ष : २०८३/८४

# विषयसूची


| | | |
|---|---|---|
| परिच्छेद-१ | प्रारम्भिक | १ |
| परिच्छेद-२ | व्यवस्थापकीय पक्षहरू | ५ |
| परिच्छेद-३ | स्किम २ कार्यान्वयन सम्बन्धी प्राविधिक पक्षहरू | १० |
| परिच्छेद-४ | स्किम ३ कार्यान्वयन सम्बन्धी प्राविधिक पक्षहरू | १६ |
| परिच्छेद-५ | स्किम ४ कार्यान्वयन सम्बन्धी प्राविधिक पक्षहरू | २० |
| परिच्छेद-६ | स्किम ५ कार्यान्वयन सम्बन्धी प्राविधिक पक्षहरू | २४ |
| परिच्छेद-७ | स्किम ६ कार्यान्वयन सम्बन्धी प्राविधिक पक्षहरू | २७ |
| परिच्छेद-८ | अगुवा कृषक परिचालन सम्बन्धी प्राविधिक पक्षहरू | ३१ |
| परिच्छेद-९ | अनुगमन, निरीक्षण र अभिलेख व्यवस्थापन | ३४ |
| परिच्छेद-१० | विविध | ३५ |
| अनुसूची-१ | कार्यक्रम लागू हुने स्थानीय तहहरूको विवरण | ३७ |
| अनुसूची-२ | फलफूल बगैंचा स्थापना कार्यक्रममा आवद्ध हुन आवेदन आह्वानको सूचनाको ढाँचा | ३९ |
| अनुसूची-३ | तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन कार्यक्रममा आवद्ध हुन आवेदन आह्वानको सूचनाको ढाँचा | ४१ |
| अनुसूची-४ | स्किम ३ कार्यक्रममा आवद्ध हुन आवेदन आह्वानको सूचनाको ढाँचा | ४३ |
| अनुसूची-५ | स्किम ४ कार्यक्रममा आवद्ध हुन आवेदन आह्वानको सूचनाको ढाँचा | ४५ |
| अनुसूची-६ | स्किम ५ कार्यक्रममा आवद्ध हुन आवेदन आह्वानको सूचनाको ढाँचा | ४७ |
| अनुसूची-७ | निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रममा आवद्ध हुन आवेदन आह्वान सम्बन्धी सूचनाको ढाँचा | ४९ |
| अनुसूची-८ | अगुवा कृषक परिचालन कार्यक्रममा आवद्ध हुन आवेदन आह्वान सम्बन्धी सूचनाको ढाँचा | ५१ |
| अनुसूची-९ | फलफूल बगैंचा स्थापना कार्यक्रममा आवद्ध हुन पेश गर्ने निवेदनको ढाँचा | ५२ |
| अनुसूची-१० | तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन कार्यक्रममा आवद्ध हुन पेश गर्ने निवेदनको ढाँचा | ५४ |
| अनुसूची-११ | स्किम ३/स्किम ४/स्किम ५/स्किम ६ कार्यक्रममा आवद्ध हुन पेश गर्ने निवेदनको ढाँचा | ५६ |

| | | |
|---|---|---|
| अनुसूची-१२ | अगुवा कृषक भई कार्य गर्न कृषकहरूले पेश गर्ने निवेदन र व्यक्तिगत विवरणको ढाँचा | ५७ |
| अनुसूची-१३ | फलफूल बगैंचा स्थापनाका लागि आयोजनाले अनुदान प्रदान गर्ने क्रियाकलापहरू तथा अनुदानयोग्य कूल लागतको अधिकतम सीमा (प्रति हेक्टर) | ५८ |
| अनुसूची-१४(क) | प्लाष्टिक घरको निर्माण गरी तरकारी उत्पादनका लागि अनुदानयोग्य कूल लागतको अधिकतम सीमा | ६५ |
| अनुसूची-१४(ख) | खुला जमिनमा तरकारी बालीहरूको उत्पादनका लागि अनुदानयोग्य कूल लागतको सीमा | ६५ |
| अनुसूची-१४(ग) | खुला जमिनमा अन्य बालीहरूको उत्पादनका लागि अनुदानयोग्य कूल लागतको सीमा | ६६ |
| अनुसूची-१४(घ) | तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन गर्न सामूहिक प्रयोगका लागि सिँचाइ व्यवस्थापन/मेसिनरी खरिदमा अनुदानयोग्य कूल लागतको सीमा | ६६ |
| अनुसूची-१५ | फलफूल बगैंचा स्थापना कार्यक्रममा आवद्ध हुन पेश गर्ने आवेदनको ढाँचा | ६७ |
| अनुसूची-१६ | तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन कार्यक्रममा आवद्ध हुनपेश गर्ने आवेदनको ढाँचा | ७१ |
| अनुसूची-१७ | कार्यक्रममा सहभागी हुने घरधुरीहरूको विवरण सम्बन्धी संस्थागत निर्णय | ७४ |
| अनुसूची-१८ | सामूहिक रूपमा फलफूल बालीहरूको बगैंचा स्थापनाको लागि गरिएको सहमतिपत्रको ढाँचा | ७५ |
| अनुसूची-१९ | आधिकारिक प्रतिनिधि तोकिएको बारे | ७६ |
| अनुसूची-२० | आवेदकको स्वघोषणाको ढाँचा | ७७ |
| अनुसूची-२१ | व्यापार साझेदारहरूबाट जानकारी सङ्कलन गर्न अनुमति प्रदान गरेको आवेदकको स्वघोषणाको ढाँचा | ७८ |
| अनुसूची-२२ | वातावरणीय प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची (Environmental Impact Screening Checklist) | ७९ |
| अनुसूची-२३ | सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची (Social Impact Screening checklist) | ८१ |
| अनुसूची-२४ | फलफूल बगैंचा स्थापना कार्यक्रमको लागि पेश भएका आवेदनहरूको ग्राह्यता परीक्षणको जाँचसूची | ८३ |
| अनुसूची-२५ | फलफूल बगैंचा स्थापना कार्यक्रमको लागि पेश भएका आवेदनहरूको स्थलगत प्रमाणीकरण फारम | ८५ |
| अनुसूची-२६ | फलफूल बगैंचा स्थापना कार्यक्रमको लागि पेश भएका आवेदनहरूको मूल्याङ्कन फारम | ८७ |
| अनुसूची-२७ | तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन कार्यक्रमको लागि पेश भएका आवेदनहरूको मूल्याङ्कन फारम | ९० |

अनुसूची-२८ फलफूल बगैंचा स्थापनाको लागि पेश भएका आवेदनको प्रारम्भिक छनौट प्रतिवेदनको ढाँचा ........ ९१

अनुसूची-२९ तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन कार्यक्रममा आवद्ध हुनपेश भएका आवेदनको प्रारम्भिक छनौट प्रतिवेदनको ढाँचा ........ ९२

अनुसूची-३० सम्झौताको लागि छनौट भएका आवेदकलाई पठाउने पत्रको ढाँचा ........ ९३

अनुसूची-३१ सम्झौताको लागि छनौट भएका आवेदकले सम्झौता गर्ने निकायमा पेश गर्ने निवेदनको ढाँचा ........ ९४

अनुसूची-३२ फलफूल बगैंचा स्थापना कार्यक्रम सञ्चालनको सम्झौताको ढाँचा ........ ९५

अनुसूची-३३ तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालनको सम्झौताको ढाँचा ........ १००

अनुसूची-३४ अनुदान रकम भुक्तानीको लागि निवेदनको ढाँचा ........ १०५

अनुसूची-३५ प्राविधिक उपसमितिले तयार गर्ने फलफूल बगैंचा स्थापना कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदनको ढाँचा ........ १०७

अनुसूची-३६ प्राविधिक उपसमितिले तयार गर्ने तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदनको ढाँचा ........ १०९

अनुसूची-३७ भुक्तानीको लागि स्थानीय तह समन्वय समितिको सिफारिसको ढाँचा ........ १११

अनुसूची-३८ भुक्तानी माग सम्बन्धी संस्थागत निर्णयको ढाँचा ........ ११२

अनुसूची-३९ कृषक पोषण पाठशाला सञ्चालनका लागि सहभागी पहिचान तथा छनौट सम्बन्धी प्रक्रिया ........ ११३

अनुसूची-४० आयोजनाबाट अनुदान प्राप्त गरी कृषक, कृषक समूह, सहकारीहरूलाई (उच्च घनत्व स्याउबाहेक) प्रोत्साहन अनुदान उपलब्ध गराउन गरिने स्थलगत अनुगमन प्रतिवेदनको ढाँचा ........ ११६

अनुसूची-४१ कार्यक्रमको विस्तृत अभिलेख राख्ने ढाँचा ........ ११७

अनुसूची-४२ कार्यान्वयन एकाइबाट सञ्चालन हुने कार्यक्रमको अनुदान प्रवाह प्रक्रिया ........ ११९

अनुसूची-४३ केन्द्रीय एकाइबाट सञ्चालन हुने कार्यक्रमको अनुदान प्रवाह प्रक्रिया ........ १२०

अनुसूची-४४ व्यावसायिक योजना सहितको आवेदनको ढाँचा (स्किम ३ र ४ सँग सम्बन्धित) ........ १२१

अनुसूची-४५ आवेदनको प्रारम्भिक जाँचसूची (स्किम ३ र ४ सँग सम्बन्धित) ........ १२७

अनुसूची-४६ आवेदनको प्रारम्भिक जाँचसूची (स्किम ५ सँग सम्बन्धित) ........ १२८

अनुसूची-४७ आवेदन मूल्याङ्कन फाराम (स्किम ३ र ४ सँग सम्बन्धित) ........ १२९

अनुसूची-४८ स्किम ३/स्किम ४ कार्यक्रम सञ्चालनको लागि सम्झौताको ढाँचा ........ १३१

अनुसूची-४९ अनुदान रकम भुक्तानीको माग गर्ने निवेदनको ढाँचा ........ १३५

अनुसूची-५० स्किम ५ कार्यक्रममा आवद्ध हुनको लागि आवेदन फारामको ढाँचा ........ १३६

अनुसूची-५१ स्किम ५ कार्यक्रम सञ्चालनको लागि सम्झौताको ढाँचा ........ १४१

अनुसूची-५२ व्यावसायिक योजना सहितको आवेदनको ढाँचा (स्किम ६ सँग सम्बन्धित)................१४५
अनुसूची-५३ प्रतिवद्धता पत्र (स्किम ६ सँग सम्बन्धित)....................................................१५१
अनुसूची-५४ आवेदनको प्रारम्भिक जाँचसूची (स्किम ६ सँग सम्बन्धित)..........................................१५२
अनुसूची-५५ आवेदन मूल्याङ्कन फाराम (स्किम ६ सँग सम्बन्धित)............................................१५३
अनुसूची-५६ स्किम ६ कार्यक्रम सञ्चालनको लागि सम्झौताको ढाँचा................................................१५४
अनुसूची-५७ अनुदान उपलब्ध गराइने क्रियाकलापहरूको विस्तृतीकरण
(स्किम ६ सँग सम्बन्धित)....................................................................................१५९
अनुसूची-५८ कार्यक्रमको विस्तृत अभिलेख राख्ने ढाँचा............................................................१६२
अनुसूची-५९ उप-आयोजना सञ्चालन सम्बन्धी सार्वजनिक सुनुवाईको ढाँचा......................................१६३
अनुसूची-६० होर्डिङ बोर्डमा राख्ने उप-आयोजना विवरणको ढाँचा...............................................१६४
अनुसूची-६१ प्रतिवद्धता पत्रको ढाँचा (अगुवा कृषक परिचालनसँग सम्बन्धित)................................१६५
अनुसूची-६२ आवेदकको व्यक्तिगत विवरण (अगुवा कृषक परिचालनसँग सम्बन्धित).......................१६६
अनुसूची-६३ अगुवा कृषक छनौट मूल्याङ्कन फाराम.............................................................१६७
अनुसूची-६४ अगुवा कृषक छनौटको लागि सिफारिस साथ
पठाउने मूल्याङ्कन प्रतिवेदनको ढाँचा.............................................................................१६८
अनुसूची-६५ अगुवा कृषकसँग गरिने सम्झौताको ढाँचा.......................................................१६९
अनुसूची-६६ अगुवा कृषक परिचय पत्र.................................................................................१७०
अनुसूची-६७ मासिक कार्य प्रगति प्रतिवेदनको ढाँचा..............................................................१७१
अनुसूची-६८ अगुवा कृषकलाई आयोजनाले निःशुल्क उपलब्ध गराउन सक्ने
सामग्री तथा उपकरणहरू.....................................................................................१७२
अनुसूची-६९ अनुगमन/निरीक्षण प्रतिवेदनको ढाँचा.................................................................१७३

# पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

नेपाल सरकार र एसियाली विकास बैंकबीच भएको पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको वित्तीय सम्झौता (Financial Agreement) एवम् आयोजना व्यवस्थापन दस्तावेज (Project Administration Manual- PAM) मा भएको व्यवस्था अनुसार स्किम २, स्किम ३, स्किम ४, स्किम ५, स्किम ६ र अगुवा कृषक परिचालन कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) बमोजिम नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट स्वीकृत भएको मितिबाट आयोजना अवधिभर लागू हुनेछ।

**२. परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि अनुरूप उप-आयोजना सञ्चालन गर्न अनुदान प्राप्त गर्ने आवेदक सम्झनुपर्दछ।

(ख) **"अगुवा कृषक"** भन्नाले यस कार्यविधिको परिच्छेद ८ बमोजिमका कार्यहरू सञ्चालन गर्न छनौट गरिने कृषक सम्झनुपर्दछ।

(ग) **"अनुदान"** भन्नाले यस कार्यविधिको परिच्छेद ३, ४, ५, ६ र ७ बमोजिम स्वीकृत उप-आयोजना सञ्चालन गर्नका लागि केन्द्रीय एकाइ तथा कार्यान्वयन एकाइबाट उपलब्ध गराइने नगद सहुलियत सम्झनुपर्दछ।

(घ) **"अन्य बालीहरू"** भन्नाले कृषक पोषण पाठशालाहरूमा समावेश हुने तरकारीबाहेकका अन्य पोषणयुक्त बाली विशेषलाई सम्झनुपर्दछ।

(ङ) **"आयोजना निर्देशक"** भन्नाले केन्द्रीय एकाइका प्रमुख सम्झनुपर्दछ।

(च) **"आयोजना"** भन्नाले पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना सम्झनुपर्दछ।

(छ) **"आवेदक"** भन्नाले यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने संस्था वा स्थानीय तह सम्झनुपर्दछ।

(ज) **"आवेदन"** भन्नाले यस कार्यविधि बमोजिम स्किम २, स्किम ३, स्किम ४, स्किम ५ र स्किम ६ मा आवद्ध हुन र अगुवा कृषकका रूपमा कार्य गर्न अनुसूची २ वा अनुसूची ३ वा अनुसूची ४ वा अनुसूची

५ वा अनुसूची ६ वा अनुसूची ७ वा अनुसूची ८ बमोजिमको सूचनामा माग भए अनुसार रितपूर्वक पेश भएको निवेदनसहित संलग्न आवश्यक कागजात सम्झनुपर्दछ।

(झ) **"इनभिट्रो कल्चर"** भन्नाले नियन्त्रित एवम् जीवाणुरहित पोषणयुक्त माध्यम (Nutritive Culture Medium) मा बिरुवाको कुनै पनि भागबाट प्राप्त गरिएको तन्तु/अङ्गको सानो टुक्रा (जस्तैः पातको टुक्रा, जराको टुक्रा, डाँठ/काण्डको टुक्रा, र एपिकल बड वा बीउ) प्रयोग गरी स्वस्थ र वानस्पतिक शुद्धता भएको फलफूलको बिरुवा उत्पादन गर्न उपयोग गरिएको तन्तु प्रजनन् विधि सम्झनुपर्दछ।

(ञ) **"उप-आयोजना"** भन्नाले यस कार्यविधि अनुरूप स्किम २, स्किम ३, स्किम ४ स्किम ५ र स्किम ६ अन्तर्गत प्रत्येक अनुदानग्राहीमार्फत सञ्चालन गरिने सम्झौता बमोजिमका क्रियाकलापहरू सम्झनुपर्दछ।

(ट) **"कार्यक्रम"** भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम सञ्चालन हुने स्किम २, स्किम ३, स्किम ४, स्किम ५, स्किम ६ र अगुवा कृषक परिचालन कार्यक्रम सम्झनुपर्दछ।

(ठ) **"कार्यान्वयन एकाइ"** भन्नाले आयोजना कार्यान्वयन हुने प्रदेशस्थित कृषि विषय हेर्ने मन्त्रालय अन्तर्गतको आयोजना कार्यान्वयनका लागि तोकिएको निकाय सम्झनुपर्दछ।

(ड) **"कृषक समूह"** भन्नाले सम्बन्धित निकायमा दर्ता/नवीकरण भई कृषि गतिविधिहरू सञ्चालन गर्ने समूह सम्झनुपर्दछ।

(ढ) **"कृषक सहजकर्ता"** भन्नाले आयोजना लागू भएका स्थानीय तहहरूमा आयोजनाका तर्फबाट नियुक्त भएका कृषि प्राविधिक सम्झनुपर्दछ।

(ण) **"कृषि उद्यमी"** भन्नाले प्रचलित कानून बमोजिम एकल वा संयुक्त स्वामित्व हुने गरी दर्ता भएका कृषि सम्बन्धी उद्यम सञ्चालन गर्ने फर्म वा कम्पनी वा संस्था सम्झनुपर्दछ।

(त) **"कृषि शाखा"** भन्नाले स्थानीय तहको कृषि सम्बन्धी कार्य गर्ने एकाइ सम्झनुपर्दछ।

(थ) **"केन्द्र"** भन्नाले राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर सम्झनुपर्दछ।

(द) **"केन्द्रीय एकाइ"** भन्नाले आयोजनाको केन्द्रीय आयोजना व्यवस्थापन एकाइ सम्झनुपर्दछ।

(ध) **"क्यालस हाउस"** भन्नाले कलमी गर्ने बित्तिकै दुई भाग (सायन र रुटस्टक) राम्रोसँग जोडिनका लागि कलमी बिरुवाहरूलाई राख्ने अध्यारो तथा फलफूल बाली अनुसारको तापक्रम र आर्द्रता व्यवस्था गर्न सकिने कोठा भएको पूर्वाधार सम्झनुपर्दछ।

(न) **"क्लस्टर"** भन्नाले दफा ९ को उपदफा (४) र उपदफा (६) बमोजिमको क्षेत्रफलमा फलफूल खेती गरिने एकै स्थानको जमिन सम्झनुपर्दछ।

(प) **"ग्रिन हाउस"** भन्नाले फलफूलका बिरुवाहरूलाई आवश्यकता बमोजिमको तापक्रम र सापेक्षित आर्द्रता लगायतको अनुकूलित वातावरण कायम गरी बिरुवा हुर्काउन पारदर्शी सिसा पोलिकार्बनेट वा प्लाष्टिकबाट बनाइएको संरचना सम्झनुपर्दछ।

(फ) **"चक्ला"** भन्नाले क्लष्टरमा समावेश भई साँध सीमाना जोडिएको जमिनको खण्ड सम्झनुपर्दछ।

(ब) **"जलवायु परिवर्तन अनुकलन प्रवर्द्धनका पूर्वाधार"** भन्नाले आयोजनाको स्किम २ मार्फत क्लष्टरमा स्थापना भएका फलफूल बगैँचाहरूमा सिँचाइ सुविधा पुर्याउने संरचनाहरू जस्तैः सिँचाइ पोखरी, बहुउपयोगी पानी प्रणाली (Multiuse Water System) लगायतलाई सम्झनुपर्दछ।

(भ) **"जालीघर/स्क्रिन हाउस (Screen house)"** भन्नाले स्वस्थ र गुणस्तरीय फलफूल बिरुवा उत्पादन गर्नको लागि कीरा छिर्न नसक्ने जालीको आवरण र U.V. stabilized प्लाष्टिकको छानो आदि प्रयोग गरी बनाइएको संरचना सम्झनुपर्दछ ।

(म) **"तन्तु प्रजनन् (टिस्युकल्चर)"** भन्नाले बिरुवाको एक्सप्लान्टलाई कृत्रिम माध्यममा राखी नियन्त्रित वातावरणमा प्रयोगशालाभित्र स्वस्थ बिरुवा उत्पादन गर्ने प्रविधि सम्झनुपर्दछ ।

(य) **"नर्सरी"** भन्नाले यस कार्यविधिको प्रयोजनका लागि फलफूलका बिरुवा उत्पादन गर्ने नर्सरी सम्झनुपर्दछ ।

(र) **"निजी नर्सरी"** भन्नाले प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायमा दर्ता गरी निजी फर्म, कम्पनी, कृषक समूह वा सहकारीको स्वामित्वको फलफूल नर्सरी सम्झनुपर्दछ ।

(ल) **"निर्देशक समिति"** भन्नाले मन्त्रालयका सचिवको अध्यक्षतामा गठित आयोजनाको आयोजना निर्देशक समितिलाई सम्झनुपर्दछ ।

(व) **"पाठशाला"** भन्नाले आयोजना अन्तर्गत सञ्चालन हुने कृषक पोषण पाठशाला सम्झनुपर्दछ ।

(श) **"प्रतिस्पर्धात्मक अनुदान व्यवस्थापन समिति"** भन्नाले दफा २०, दफा २७, दफा ३४ र दफा ४५ बमोजिमको समितिलाई सम्झनुपर्दछ ।

(ष) **"प्रदेश मन्त्रालय"** भन्नाले आयोजना लागू भएका प्रदेशस्थित कृषि विषय हेर्ने मन्त्रालय सम्झनुपर्दछ ।

(स) **"प्रादेशिक आयोजना निर्देशक समिति"** भन्नाले आयोजना लागू भएका प्रदेश मन्त्रालयका सचिवको अध्यक्षतामा गठन भएका सम्बन्धित प्रादेशिक आयोजना निर्देशक समिति सम्झनुपर्दछ ।

(ह) **"प्रादेशिक आयोजना व्यवस्थापक"** भन्नाले कार्यान्वयन एकाइका प्रमुख सम्झनुपर्दछ ।

(क्ष) **"बजार पूर्वाधार"** भन्नाले आयोजना लक्षित बालीका उपजहरूको खरिद बिक्री गरिने बजारका भौतिक संरचना एवम् सोका लागि आवश्यक मेसिनरी, औजार उपकरण आदि सम्झनुपर्दछ ।

(त्र) **"मन्त्रालय"** भन्नाले कृषि विषय हेर्ने सङ्घीय मन्त्रालयलाई सम्झनुपर्दछ ।

(ज्ञ) **"मूल्य अभिवृद्धि"** आयोजना लक्षित फलफूल बालीको उपजका प्राथमिक उत्पादनको विविधीकरण (रूप बदलेर वा गुणस्तर सुधारमार्फत) गरेर वस्तुको मूल्य बढाउने प्रक्रिया वा कार्य (जस्तैः प्रशोधन, प्याकेजिङ, वा अन्य विधिहरू) सम्झनुपर्दछ ।

(कक) **"मूल्य-श्रृङ्खला"** भन्नाले आयोजना लक्षित फलफूलबाली एवम् उपजहरूसँग सम्बन्धित सेवाहरूको विकास अवधारणा निर्माणदेखि कच्चा पदार्थको आपूर्ति एवम् उत्पादनको तह हुँदै सङ्कलन, प्रशोधन, प्याकेजिङ्, बजारीकरणमार्फत वस्तु तथा सेवालाई उपभोक्ता समक्ष पुर्याउनका लागि गरिने क्रियाकलापहरूको शृङ्खलालाई सम्झनुपर्दछ ।

(खख) **"लक्षित फलफूल बाली"** भन्नाले यस आयोजनाले प्रवर्द्धन गर्ने दशवटा फलफूल तथा काष्ठफलहरू क्रमशः सुन्तलाजात फलफूल (कागती, सुन्तला र जुनार), एभोकाडो, किवी, मेकाडेमियानट, पिकानट, कागजी बदाम, ओखर र स्याउ (उच्च घनत्वसमेत) सम्झनुपर्दछ ।

(गग) **"लाभग्राही"** भन्नाले यस कार्यविधि अनुरूप छनौट भएका अनुदानग्राहीमार्फत सञ्चालित कार्यक्रममा प्रत्यक्ष सहभागी भई लाभ प्राप्त गर्ने सदस्यहरू सम्झनुपर्दछ ।

(घघ) **"सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम तोकिएका निकायमा दर्ता भई कृषि सम्बन्धी गतिविधि सञ्चालन गर्ने सहकारी संस्था सम्झनुपर्दछ ।

(ङङ) **"सार्वजनिक पूर्वाधार"** भन्नाले आयोजना क्षेत्र अन्तर्गतका स्थानीय तहहरूले निर्माण गर्ने कृषि बजार पूर्वाधार, सिँचाइ पूर्वाधार एवम् जलवायु अनुकूलन प्रवर्द्धन पूर्वाधारहरू लगायत सम्झनुपर्दछ।

(चच) **"स्किम २"** भन्नाले यस आयोजना लागू भएका स्थानीय तह भित्रका कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूलाई लक्षित फलफूल बालीहरूको बगैँचा स्थापना एवम् तरकारी तथा अन्य बालीहरूको उत्पादनमार्फत रोजगारी सृजना तथा लाभग्राहीहरूको आयआर्जन वृद्धि गर्न आयोजनामार्फत उपलब्ध गराइने आंशिक अनुदान सम्बन्धी कार्यक्रम सम्झनुपर्दछ।

(छछ) **"स्किम ३"** भन्नाले आयोजना लागू भएका स्थानीय तहका लक्षित फलफूलबाली तथा अन्य उपजहरूको मूल्य शृङ्खला तथा बजारीकरणका पूर्वाधार विकास एवम् मूल्यअभिवृद्धि सम्बन्धी क्रियाकलापहरू सञ्चालनका लागि आयोजना लागू भएका प्रदेश भित्रका सहकारीहरूलाई प्रदान गरिने प्रतिस्पर्धात्मक अनुदान कार्यक्रम सम्झनुपर्दछ।

(जज) **"स्किम ४"** भन्नाले आयोजना लागू भएका स्थानीय तहका लक्षित फलफूलबाली तथा अन्य उपजहरूको मूल्य शृङ्खला तथा बजारीकरणका पूर्वाधार विकास एवम् मूल्य अभिवृद्धि सम्बन्धी क्रियाकलापहरूको सञ्चालनका लागि कृषि उद्यमीहरूलाई प्रदान गरिने प्रतिस्पर्धात्मक अनुदान कार्यक्रम सम्झनुपर्दछ।

(झझ) **"स्किम ५"** भन्नाले आयोजना लागू भएका स्थानीय तहहरूलाई लक्षित फलफूलबाली तथा अन्य उपजहरूको मूल्य शृङ्खला तथा बजारीकरणका लागि सार्वजनिक पूर्वाधार विकास एवम् निर्माण गर्न प्रदान गरिने प्रतिस्पर्धात्मक अनुदान कार्यक्रम सम्झनुपर्दछ।

(ञञ) **"स्किम ६"** भन्नाले निजी नर्सरीहरूको सुदृढीकरणका लागि आयोजनाबाट प्रदान गरिने प्रतिस्पर्धात्मक अनुदान कार्यक्रम सम्झनुपर्दछ।

(टट) **"स्थानीय तह समन्वय समिति"** भन्नाले यस कार्यविधिको दफा ११ अनुसारको समिति सम्झनुपर्दछ।

(ठठ) **"स्थानीय तह"** भन्नाले आयोजना लागूभएका अनुसूची १ बमोजिमका स्थानीय तहहरूलाई सम्झनुपर्दछ।

**३. उद्देश्यः** (१) यस कार्यविधिले आयोजनाका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरी देहायका उद्देश्य प्राप्त गर्न मद्दत पुग्नेछ।

(क) आयोजना क्षेत्रमा स्किम २, स्किम ३, स्किम ४, स्किम ५ र स्किम ६ को दीगो र प्रभावकारी कार्यान्वयन गर्ने।

(ख) आयोजना क्षेत्रमा लक्षित बालीहरूको गुणस्तरीय नर्सरीको विकास, बगैँचा स्थापना, क्षेत्र विस्तार एवम् प्रवर्द्धन गर्ने।

(ग) आयोजना क्षेत्रमा तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन गर्ने।

(घ) आयोजना क्षेत्रमा लक्षित बालीका उपजहरूको मूल्य अभिवृद्धि गर्न मूल्य शृङ्खला विकास पूर्वाधारहरूको विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने।

(ङ) लक्षित क्रियाकलापहरूमार्फत लाभग्राहीहरूको रोजगारी प्रवर्द्धन एवम् आयआर्जन सुधारमा सहयोग गर्ने।

(च) आयोजनाको दिगोपनाको लागि अगुवा कृषक परिचालन गरी लाभग्राहीहरूको क्षमता विकास तथा प्रविधि प्रसार कार्यमा सहजीकरण गर्ने।

## परिच्छेद-२
# व्यवस्थापकीय पक्षहरू

४. **सञ्चालन हुने कार्यक्रमको कार्यक्षेत्र र सञ्चालन गर्ने निकाय:** (१) यस कार्यविधि अनुरूपका कार्यक्रमहरू तालिका १ बमोजिमको कार्य क्षेत्र र निकायमार्फत सञ्चालन गरिनेछ।

**तालिका १: स्किम सञ्चालन हुने कार्यक्षेत्र र सञ्चालन गर्ने निकायहरू**

| सञ्चालन हुने कार्यक्रमहरू | कार्यक्षेत्र | सञ्चालन गर्ने निकाय |
|---|---|---|
| स्किम २ | अनुसूची १ बमोजिमका स्थानीय तहहरू | (क) अनुदान रकम रू. १ करोड २० लाखसम्म स्वीकृत भएमा सोको व्यवस्थापन सम्बन्धित कार्यान्वयन एकाइले गर्नेछ।<br>(ख) अनुदान रकम रू. १ करोड २० लाखभन्दा बढी स्वीकृत भएमा सोको व्यवस्थापन एसियाली विकास बैंकको पूर्व स्वीकृति लिई केन्द्रीय एकाइले गर्नेछ। |
| स्किम ३ | आयोजना लागू भएका प्रदेशहरू | केन्द्रीय एकाइ |
| स्किम ४ | आयोजना लागू भएका प्रदेशहरू | केन्द्रीय एकाइ |
| स्किम ५ | अनुसूची १ बमोजिमका स्थानीय तहहरू | केन्द्रीय एकाइ |
| स्किम ६ | आयोजना लागू भएका प्रदेशहरू | केन्द्रीय एकाइ |
| अगुवा कृषक परिचालन | अनुसूची १ बमोजिमका स्थानीय तहहरू | कार्यान्वयन एकाइ |

५. **सञ्चालन हुने कार्यक्रमहरू:** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम तालिका २ बमोजिम कार्यगत क्षेत्रहरूको अधिनमा रही सञ्चालन गरिनेछ।

**तालिका २: कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमका कार्यगत क्षेत्रहरू**

| कार्यक्रम | कार्यगत क्षेत्रहरू |
|---|---|
| स्किम २ | कृषक समूह, सहकारी तथा निजी उद्यमीहरूमार्फत लक्षित फलफूल बालीको १० हजार हेक्टरमा बगैँचा स्थापना र तरकारी तथा अन्य बालीहरूको १ हजार हेक्टरमा उत्पादन प्रवर्द्धन लागि परिच्छेद ३ बमोजिमका कार्यक्रमहरू |
| स्किम ३ | सहकारीहरूमार्फत लक्षित फलफूलबाली तथा उपजहरूको मूल्य अभिवृद्धि गर्न मूल्य शृङ्खला विकासका पूर्वाधारहरूको विकास एवम् विस्तारका लागि परिच्छेद ४ बमोजिमका कार्यक्रमहरू |
| स्किम ४ | निजी उद्यमीहरूमार्फत लक्षित फलफूलबाली तथा उपजहरूको मूल्य अभिवृद्धि गर्न मूल्य शृङ्खला विकासका पूर्वाधारहरूको विकास एवम् विस्तारका लागि परिच्छेद ५ बमोजिमका कार्यक्रमहरू |

| कार्यक्रम | कार्यगत क्षेत्रहरू |
| --- | --- |
| स्किम ५ | स्थानीय तहहरूमार्फत लक्षित फलफूलबाली तथा अन्य उपजहरूको मूल्य-शृङ्खला तथा सार्वजनिक पूर्वाधार विकास एवम् निर्माण गर्न परिच्छेद ६ बमोजिमका कार्यक्रमहरू |
| स्किम ६ | लक्षित फलफूल बालीहरूको गुणस्तरीय बिरुवा उत्पादनको लागि आयोजना लागू भएका प्रदेशभित्र सञ्चालनमा रहेका नर्सरीहरूमध्ये आयोजना लागू भएका स्थानीय तहहरूमा सेवा दिनसक्ने सम्भावना भएका कम्तीमा ४० वटा निजी नर्सरीहरूको पूर्वाधार तथा प्रयोगशाला सुदृढीकरणका लागि परिच्छेद ७ बमोजिमका कार्यक्रमहरू |
| अगुवा कृषक परिचालन | आयोजनाका लाभग्राहीहरूको दिगो क्षमता विकास तथा प्रविधि प्रसार कार्यमा सहजीकरण गर्नको लागि प्रति स्थानीय तह अधिकतम ५ जना अगुवा कृषक परिचालन गरी कृषक-कृषक प्रविधि प्रसार गर्ने परिच्छेद ८ बमोजिमका कार्यक्रमहरू। |

६. **अनुदानको सीमा र लक्षित अनुदानग्राही:** (१) यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरू तालिका ३ बमोजिमको अनुदानको सीमाभित्र रही सञ्चालन गरिनेछ।

**तालिका ३: स्किमका लक्षित अनुदानग्राही र अनुदानको अधिकतम सीमा र प्रतिशत**

| स्किमहरू | लक्षित अनुदानग्राही | अनुदानको अधिकतम सीमा र प्रतिशत |
| --- | --- | --- |
| स्किम २ | कृषक समूह, सहकारी र कृषि उद्यमीहरू | ***लक्षित फलफूल बालीको बगैँचा स्थापनाका लागि:***<br>(क) कृषक समूह र सहकारीको हकमा बगैँचा स्थापनार्थ अनुदानयोग्य कूल लागतको अधिकतम ५० प्रतिशत तथा सिँचाइ व्यवस्थापनको लागि अनुदानयोग्य कूल लागतको अधिकतम ८५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ।<br>(ख) कृषि उद्यमीको हकमा अनुदान योग्य कूल लागत रू. १ करोड २० लाखसम्म स्वीकृत भएमा बगैँचा स्थापनार्थ अनुदानयोग्य कूल लागतको अधिकतम ५० प्रतिशत तथा सिँचाइ व्यवस्थापनको लागि अनुदानयोग्य कूल लागतको अधिकतम ८५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ।<br>(ग) कृषि उद्यमीको हकमा अनुदान योग्य कूल लागत रू. १ करोड २० लाखभन्दा बढी भएमा अनुदानयोग्य कूल लागतको ४० प्रतिशत अनुदान दफा ९ को उपदफा (१) बमोजिम क्रियाकलाप सञ्चालन गर्नका लागि उपलब्ध गराइनेछ।<br>(घ) यसरी प्रवाह हुने सबै अनुदानको अधिकतम सीमा प्रति अनुदानग्राही रू. ३ करोडभन्दा बढी हुने छैन। |

| स्किमहरू | लक्षित अनुदानग्राही | अनुदानको अधिकतम सीमा र प्रतिशत |
|---|---|---|
| | पाठशालाका सहभागी कृषकहरू | ***तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धनका लागिः*** अनुदानयोग्य कूल लागतको सिँचाइ व्यवस्थापनातर्फ अधिकतम ८५ प्रतिशत अनुदान र अन्य कार्यका लागि अधिकतम ५० प्रतिशत सम्म देहायको सीमाभित्र रही अनुदान उपलव्ध गराइनेछः<br>(क) कम्तीमा १२० वर्ग मिटरको एकवटा वा कम्तीमा ६० वर्ग मिटरका दुई वटा प्लाष्टिक घरहरू निर्माण गरी तरकारी उत्पादन गर्न अनुसूची १४ (क) बमोजिम क्रियाकलाप सञ्चालन गर्नका लागि प्रति कृषक अधिकतम रू. २३ हजार ५ सयसम्म ।<br>(ख) खुला जमिनमा कम्तीमा २ रोपनी क्षेत्रफलमा तरकारी बालीको उत्पादन गर्न अनुसूची १४(ख) बमोजिम क्रियाकलाप सञ्चालन गर्नका लागि प्रति कृषक अधिकतम रू. १५ हजार २ सय पचाससम्म ।<br>(ग) खुला जमिनमा कम्तीमा २ रोपनी क्षेत्रफलमा अन्य बालीहरूको उत्पादन गर्न अनुसूची १४(ग) बमोजिम क्रियाकलाप सञ्चालन गर्नका लागि प्रति कृषक अधिकतम रू. ११ हजार ७ सयसम्म ।<br>(घ) आवेदक समूहले सामूहिक रूपमा उपयोग गर्ने गरी अनुसूची १४(घ) बमोजिम क्रियाकलाप सञ्चालन गर्ने उत्पादन/उत्पादनोपरान्त कार्यमा प्रयोग हुने मेसिनरी खरिदका लागि प्रति समूह अधिकतम रू. ६२ हजार ५ सयसम्म वा साना सिँचाइ पूर्वाधार विकासका लागि प्रति समूह अधिकतम रू. १ लाख ६ हजार २ सय ५० सम्म । |
| स्किम ३ | दफा २३ बमोजिमको योग्यता पुगेका सहकारीहरू | (क) प्रति अनुदानग्राही स्वीकृत कूल लागतको अधिकतम ५० प्रतिशतमा नबढ्ने गरी अधिकतम अनुदान रकम रू. १ करोड २५ लाखसम्म । |
| स्किम ४ | दफा ३० बमोजिमको योग्यता पुगेका कृषि उद्यमीहरू | (क) प्रति अनुदानग्राही स्वीकृत कूल लागतको अधिकतम ४० प्रतिशतमा नबढ्ने गरी अधिकतम अनुदान रकम रू. २ करोड ५० लाख सम्म । |
| स्किम ५ | दफा ३७ बमोजिमको योग्यता पुगेका स्थानीय तहहरू | (क) प्रति अनुदानग्राही स्वीकृत कूल लागतको अधिकतम ७० प्रतिशतमा नबढ्ने गरी अधिकतम अनुदान रकम रू. २ करोड सम्म । |
| स्किम ६ | दफा ४४ बमोजिमको योग्यता पुगेका फर्म, कम्पनी, समूह वा सहकारीद्वारा सञ्चालित निजी नर्सरीहरू | (क) स्वीकृत कूल लागतको अधिकतम ५० प्रतिशतमा नबढ्ने गरी निजी नर्सरीहरूको पूर्वाधार तथा प्रयोगशाला क्षमता सुदृढीकरणका लागि अधिकतम अनुदान रकम रू. १ करोड २५ लाखसम्म हुनेछ । तर नर्सरी क्षेत्रको बारबन्देजको लागि कूल स्वीकृत अनुदान रकममध्ये १५ प्रतिशतमा नबढ्ने गरी उपलब्ध गराउन सकिनेछ । |

| स्किमहरू | लक्षित अनुदानग्राही | अनुदानको अधिकतम सीमा र प्रतिशत |
|---|---|---|
| अगुवा कृषक परिचालन | दफा ४८ बमोजिमको योग्यता पुगेका कृषकहरू | (क) आयोजनाका लाभग्राहीको क्षमता विकास गर्न बगैँचा व्यवस्थापनसँग सम्बन्धित क्रियाकलापहरूको प्रदर्शन कार्य सञ्चालनको लागि आयोजनाले परिचालन गर्ने प्रत्येक अगुवा कृषकलाई रू. ३००००।- (अक्षेरपि तीस हजार मात्र) मा नबढ्ने गरी अनुसूची ६८ बमोजिमका सामग्री तथा उपकरणहरू शतप्रतिशत अनुदानमा उपलब्ध गराइने ।<br>(ख) अगुवा कृषकहरूलाई प्रोत्साहन स्वरूप (यातायात, सञ्चार तथा खाजा खर्चबापत) मासिक एकमुष्ठ रू. ५००० (अक्षरेपि पाँच हजार मात्र) का दरले अधिकतम तीन वर्षसम्म अनुसूची ६७ बमोजिमको मासिक प्रतिवेदनका आधारमा सम्बन्धित कार्यान्वयन एकाइमार्फत उपलब्ध गराइने । |

**७. आवेदन आह्वान तथा सङ्कलनः** (१) दफा ५ बमोजिमका कार्यक्रम सञ्चालन गर्ने निकायले यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरूलाई आवेदन पेश गर्न अनुसूची २ वा अनुसूची ३ वा अनुसूची ४ वा अनुसूची ५ वा अनुसूची ६ वा अनुसूची ७ वा अनुसूची ८ बमोजिमको ढाँचाको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा ३० दिनको समय सीमा दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम प्रकाशित सूचना अनुसार पर्याप्त आवेदन प्राप्त हुन नसकेमा थप १५ दिनको म्याद दिई पुनः सूचना प्रकाशन गरी आवेदन माग गर्न सक्नेछ ।

(३) अन्यत्र जेसुकै लेखिएको भए तापनि स्किम २ अन्तर्गत फलफूल बगैँचा स्थापना कार्यक्रमको हकमा हरेक आ.व. को शुरुमा आवेदन माग गरी सूचना प्रकाशन गरिनेछ र सो अनुसार वर्षैभरि जुनसुकै बेलामा पनि आवेदन पेश गर्न सकिनेछ ।

(४) आवेदनसँग सम्बन्धित फारामहरू सम्बन्धित कार्यान्वयन एकाइहरू, आयोजनाको वेबसाइट तथा आयोजना लागू भएका स्थानीय तहको कृषि शाखाबाट समेत उपलब्ध हुनेछ ।

(५) आवेदन पेश गर्न इच्छुक आवेदकहरूलाई आयोजनासँग सम्बन्धित कर्मचारीहरूले आवेदन पेश गर्ने प्रक्रियामा आवश्यक सहजीकरण गर्नेछन् ।

(६) आवेदन आह्वान तथा सङ्कलन सम्बन्धी अन्य व्यवस्था देहायको तालिका ४ बमोजिम हुनेछ ।

**तालिका ४: स्किम कार्यान्वयनका लागि आवेदन आह्वान तथा सङ्कलन सम्बन्धी अन्य व्यवस्था**

| स्किम | आवेदन आह्वान तथा सङ्कलन सम्बन्धी अन्य व्यवस्था |
|---|---|
| स्किम २ | (क) कार्यान्वयन एकाइहरूले आवेदन आह्वानको सूचना अनुसूची २ वा अनुसूची ३ बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ र सोको जानकारी आयोजना लागू भएका सम्बन्धित स्थानीय तहहरूमा समेत अनिवार्य रूपमा दिनुपर्नेछ ।<br>(ख) फलफूल बालीहरूको बगैँचा स्थापनाको लागि अनुसूची ९ बमोजिमको निवेदनसँग सूचनामा माग भए बमोजिमका कागजातहरू संलग्न गरी तोकिएको समय सीमाभित्र आवेदकले सम्बन्धित स्थानीय तहमा दर्ता गर्नुपर्नेछ ।<br>(ग) तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धनको लागि अनुसूची १० बमोजिमको निवेदनसँग सूचनामा माग भए बमोजिमका कागजातहरू संलग्न गरी तोकिएको समय सीमाभित्र आवेदकले सम्बन्धित स्थानीय तहमा दर्ता गर्नुपर्नेछ । |

| | |
|---|---|
| स्किम^ ३, स्किम ४ र स्किम ५ | (क) केन्द्रीय एकाइले आवेदन आह्वान सम्बन्धी सूचना अनुसूची ४ वा अनुसूची ५ वा अनुसूची ६ बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ ।<br>(ख) कार्यक्रम सञ्चालन गर्न इच्छुक आवेदकले अनुसूची ११ बमोजिमको निवेदनसहित अनुसूची ४४/अनुसूची ५० बमोजिमको आवेदन कार्यान्वयन एकाइ वा केन्द्रीय एकाइमा खामबन्दी गरी पेश गर्नुपर्नेछ ।<br>(घ) कार्यान्वयन एकाइहरूमा दर्ता भई सङ्कलन भएका आवेदन सहितका आवेदनहरू केन्द्रीय एकाइमा पठाउनुपर्नेछ । |
| स्किम ६ | (क) केन्द्रीय एकाइले आवेदन आह्वान सम्बन्धी सूचना अनुसूची ७ बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ ।<br>(ख) कार्यक्रम सञ्चालन गर्न इच्छुक आवेदकले अनुसूची ११ बमोजिमको निवेदनसहित अनुसूची ५२ बमोजिमको आवेदन कार्यान्वयन एकाइ वा केन्द्रीय एकाइमा खामबन्दी गरी पेश गर्नुपर्नेछ ।<br>(ग) कार्यान्वयन एकाइहरूमा दर्ता भई सङ्कलन भएका आवेदनहरू आवेदन पेश गर्ने म्याद सकिएको १५ दिनभित्र केन्द्रीय एकाइमा पठाउनुपर्नेछ । |
| अगुवा कृषक परिचालन | (क) कार्यान्वयन एकाइले आवेदन आह्वान सम्बन्धी सार्वजनिक सूचना अनुसूची ८ बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ ।<br>(ख) प्रकाशित सूचना सम्बन्धित स्थानीय तह तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था गर्नुपर्नेछ ।<br>(ग) आवेदकले अनुसूची १२ बमोजिमको निवेदन सम्बन्धित स्थानीय तहको कृषि शाखामा पेश गर्नुपर्नेछ । |

८. **लागतमा समावेश गर्न नपाइने:** (१) यस कार्यविधि बमोजिम इच्छुक आवेदकले दफा ७ बमोजिम आवेदन पेश गर्दा देहायका क्रियाकलापलाई कार्यक्रमको लागतमा समावेश गर्न पाइने छैन ।

(क) जग्गा भाडा,

(ख) आवेदकको जिन्सी अभिलेखमा रहेका उपकरण वा अन्य सुविधाहरूको भाडा,

(ग) कार्य सञ्चालन खर्च (विद्युत शुल्क, जग्गा तथा भौतिक पूर्वाधारको कर, पानीपोत, अन्य प्रकारका कर, कार्यालय सञ्चालन खर्च, बीमा प्रिमियम, जरिवाना आदि),

(घ) बैंकिङ सेवा शुल्क, बैंक ग्यारेन्टीको शुल्क र समान प्रकृतिका अन्य शुल्कहरू,

(ङ) बौद्धिक सम्पत्ति अधिकारको मूल्य,

(च) अध्ययन भ्रमण खर्च,

(छ) आवेदन पेश गर्दाका बखत आवेदकको अभिलेखमा मौजदात जिन्सी वस्तु तथा सामग्रीहरूको मूल्य,

(ज) आयोजनामा आवेदन पेश गर्ने प्रयोजनका लागि आवेदनको विकास/डिजाइन (आर्किटेक्ट, इन्जिनियरहरू, परामर्शदाताहरू र सामान्य कानुनी शुल्कहरू, विस्तृत लगानी प्रस्ताव तयार गर्न सम्भाव्यता अध्ययनको लागत र प्याटेन्ट र इजाजतपत्रहरू प्राप्त गर्नको लागि लागेका लागतहरू आदि) को खर्चहरू,

(झ) नेपाल सरकार वा एसियाली विकास बैंकद्वारा गैरकानूनी मानिने वा प्रतिबन्धित गतिविधिहरू र समाज र वातावरणमा नकारात्मक प्रभाव पार्ने गतिविधिहरू ।

परिच्छेद-३

# स्किम २ कार्यान्वयन सम्बन्धी प्राविधिक पक्षहरू

९. **लक्षित फलफूल बालीको बगैँचा स्थापनाका लागि प्रवाह हुने अनुदान सम्बन्धी व्यवस्था:** (१) लक्षित फलफूल बालीहरूको बगैँचा स्थापनाका लागि तालिका ५ बमोजिमको बाली तथा अनुदानयोग्य कूल लागतको अधिकतम सीमाभित्र रही अनुदान उपलब्ध गराउन सकिनेछ।

**तालिका ५: फलफूल बगैँचा स्थापनाका लागि आयोजनालबाट अनुदान उपलब्ध गराउन सकिने क्रियाकलापहरू तथा अनुदानयोग्य कूल लागतको अधिकतम सीमा (प्रति हेक्टर)**

| क्र. सं. | फलफूल बाली र बिरुवा रोप्ने दुरी | अधिकतम बिरुवा सङ्ख्या | अनुदानयोग्य कूल लागतको अधिकतम सीमा रू. | | |
|---|---|---|---|---|---|
| | | | बगैँचा स्थापनाको लागत | सिँचाइ व्यवस्थापन लागत | सिँचाइ सहितको बगैँचा स्थापना लागत |
| १ | स्याउ (५*५ मी) | ४५० | ४४३७५० | ३००००० | ७४३७५० |
| २ | सुन्तला (५*५ मी) | ४५० | ४२१२५० | ३००००० | ७२१२५० |
| ३ | जुनार (५*५ मी) | ४५० | ४२१२५० | ३००००० | ७२१२५० |
| ४ (क) | किवी (६*४ मी) (जि. आई. पाईपको पोल राखेको ट्रेलिज) | ४५० | १२७८७५० | ३००००० | १५७८७५० |
| ४ (ख) | किवी (६*४ मी) (सिमेण्टेड पोल राखेको ट्रेलिज) | ४५० | १८७८७५० | ३००००० | २१७८७५० |
| ५ (क) | एभोकाडो कलमी (६*६ मी) | ३०० | ४७०००० | ३००००० | ७७०००० |
| ५ (ख) | एभोकाडो बिजु (८*८ मी) | १८० | २५२००० | ३००००० | ५५२००० |
| ६ | कागती (५*५ मी) | ४५० | ४२१२५० | ३००००० | ७२१२५० |
| ७ | ओखर (८*८ मी) | १८० | ३३८००० | ३००००० | ६३८००० |
| ८ | आलमोण्ड (६*६ मी) | ३०० | ४७०००० | ३००००० | ७७०००० |
| ९ (क) | पिकानट कलमी (८*८ मी) | १८० | ३३८००० | ३००००० | ६३८००० |
| ९ (ख) | पिकानट बिजु (१०*१० मी) | ११५ | २०९००० | ३००००० | ५०९००० |
| १० (क) | मेकाडेमियानट कलमी (६*६ मी) | ३०० | ४७०००० | ३००००० | ७७०००० |
| १० (ख) | मेकाडेमियानट बिजु (८*८मी) | १८० | २४८००० | ३००००० | ५४८००० |
| ११ | उच्च घनत्व स्याउ (३*१ मी) | ३३०० | ६७३०००० | ३००००० | ७०३०००० |

(२) फलफूल बगैँचा स्थापनाका लागि आयोजनाले अनुदान प्रदान गर्ने क्रियाकलापहरू तथा अनुदानयोग्य कूल लागतको अधिकतम सीमाको विस्तृत विवरण अनुसूची १३ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) तालिका ५ बमोजिमको अनुदानयोग्य कूल लागतको अधिकतम सीमा आयोजनाको सिफारिसमा मन्त्रालयले आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ। तर यसरी गरिने परिमार्जन आवेदन आह्वान गर्नुपूर्व मात्र गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम प्रवाह हुने अनुदानको लागि आवेदकले न्यूनतम क्षेत्रफल ०.५ हेक्टर (१० रोपनी) र अधिकतम २५ हेक्टर (५०० रोपनी) को क्लस्टरमा लक्षित फलफूल बालीहरूको बगैँचा स्थापना गर्न आवेदन पेश गर्न सक्नेछन् । आवेदन पेश गर्दा एक आवेदकले प्रति लक्षित फलफूल बालीको न्यूनतम ०.५ हेक्टर (१० रोपनी) को बगैँचा स्थापना हुने गरी कूल प्रस्तावित क्षेत्रफलमा सम्बन्धित स्थानीय तहमा आयोजनाले तोकेका फलफूल बालीहरूमा मात्र कार्यक्रम सञ्चालन गर्ने गरी आवेदन पेश गर्नुपर्नेछ । तर आवेदकले सामूहिक रूपमा बगैँचा स्थापना गर्न चाहेमा प्रति घरधुरी कम्तीमा ०.२ हेक्टर (४ रोपनी) क्षेत्रफलमा बगैँचा स्थापना हुनेगरी प्रति लक्षित फलफूलबालीको कम्तीमा ०.५ हेक्टरको क्लस्टरमा बगैँचा स्थापना गर्ने गरी आवेदन पेश गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम सामूहिक रूपमा आवेदन दिन चाहने आवेदकले सम्बन्धित समूह/सहकारीमार्फत आवेदन दिनुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम स्थापना हुने फलफूल बगैँचाको क्लष्टर सार्वजनिक बाटो, खोला/खोल्सी, कुलो/पैनी, विद्यालय, सार्वजनिक भवन, मठ/मन्दिर, निजी घर, ३०० मिटरसम्म निजी जग्गा आदिले खण्डीकृत गरेको अवस्थामा समेत क्लष्टर मानिनेछ । तर एक क्लष्टरमा २ भन्दा बढी चक्ला हुन सक्नेछैनन ।

(७) यस कार्यक्रमका लागि आवेदन पेश गर्दा आवेदक वा आवेदनमा संलग्न कृषकसँग आफ्नो स्वामित्वको जग्गा नभएमा कार्यक्रममा आवद्ध हुन जग्गा भाडा वा करारमा लिएको अवधि कम्तीमा १५ वर्ष बाँकी भएको हुनुपर्नेछ ।

(८) अनुदानग्राहीले फलफूल बगैँचा स्थापनाका लागि अनुसूची ३२ बमोजिमको सम्झौतामा उल्लिखित कार्ययोजना अनुसारका क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ ।

(९) यस कार्यक्रम अन्तर्गत कृषक समूह, सहकारी तथा निजी उद्यमीहरूले स्थापना गरेका फलफूल बगैँचाहरूमा रोपिएका बिरुवाहरू (उच्च घनत्वमा रोपिएका स्याउबाहेक) को उचित हेरचाह तथा व्यवस्थापन गरी हुर्काएबापत बगैँचा स्थापना कार्यसम्पन्न भएको एक वर्षपश्चात् प्रोत्साहन स्वरूप लगातार दुई वर्षसम्म प्रति वर्ष प्रति हुर्किएको बिरुवाका लागि रू. एक सयका दरले अनुदान उपलब्ध गराइनेछ ।

(१०) यस कार्यक्रममा सहभागी हुने आवेदकले दफा १० अनुसारको अनुदान कार्यक्रममा सहभागी हुन सक्नेछैनन ।

(११) कुनै पनि आवेदकले अधिकतम २५ हेक्टर (५०० रोपनी) सम्म बगैँचा स्थापनाका लागि आवेदन पेश गर्न सक्ने भएकोले एकपटक अनुदान प्राप्त गरिसकेपछि पनि सो अधिकतम क्षेत्रफल नपुग्दा सम्मका लागि पटक पटक आवेदन दिई अनुदानग्राहीको रूपमा छनौट हुन वाधा पर्नेछैन । यसरी प्रवाह हुने सबै अनुदानको अधिकतम सीमा प्रति अनुदानग्राही रू. ३ करोडभन्दा बढी हुनेछैन ।

**१०. तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धनका लागि प्रवाह हुने अनुदान सम्बन्धी व्यवस्था:** (१) यस कार्यक्रम अन्तर्गत प्रवाह हुने अनुदान प्राप्त गर्न आयोजनाबाट सञ्चालन हुने कृषक पोषण पाठशालाबाट तालिम प्राप्त कृषकहरूले समूहमार्फत् आवेदन पेश गर्नुपर्नेछ ।

(२) आवेदक समूहका कृषकहरूले दफा ६ को उपदफा (१) को तालिका ३ को तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन अन्तर्गतका महल ३ को बुँदा (क), (ख) र (ग) का विकल्पहरूमध्ये कुनै एक विकल्प मात्र छनौट गरी आवेदन दिन सक्नेछन् । तर एकै समूहका कृषक घरधुरीहरूले फरक फरक विकल्प छनौट गरी सामूहिक रूपमा आवेदन दिन बाधा पर्ने छैन ।

(३) उपदफा (२) बाहेक यस कार्यक्रममा सहभागी हुने आवेदकले दफा ६ को उपदफा (१) को तालिका ३ को तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन अन्तर्गतका महल ३ को बुँदा (घ) को विकल्पका लागि अनुसूची १४ (घ) बमोजिमको क्रियाकलापसमेत सञ्चालन गर्नका लागि आवेदन पेश गर्न सक्नेछन्।

(४) यस अन्तर्गत दफा ६ को उपदफा (१) को तालिका ३ को तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन अन्तर्गतका महल ३ को बुँदा (क), (ख) र (ग) बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न उपलब्ध गराइने अनुदान रकम लाभग्राहीको व्यक्तिगत बैंक खातामार्फत र बुँदा (घ) बमोजिमको क्रियाकलापहरू सञ्चालन गर्न उपलब्ध गराइने अनुदान रकम अनुदानग्राही समूहको बैंक खातामार्फत उपलब्ध गराइनेछ।

(५) अनुदानग्राहीहरूले तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धनका क्रियाकलापहरू अनुसूची ३३ बमोजिमको सम्झौतामा उल्लिखित कार्ययोजना अनुसार सञ्चालन गर्नुपर्नेछ।

**११. स्थानीय तह समन्वय समिति:** (१) दफा ७ बमोजिम पेश भएका स्किम २ कार्यक्रमसँग सम्बन्धित आवेदनहरूको प्रारम्भिक छनौटको कार्य उपदफा (२) बमोजिमको समितिले गर्नेछ।

(२) सम्बन्धित स्थानीय तहको उप-प्रमुख/उपाध्यक्षको अध्यक्षतामा देहाय बमोजिमको स्थानीय तह समन्वय समिति रहनेछ।

| | | |
|---|---|---|
| क) | स्थानीय तहको उप-प्रमुख/उपाध्यक्ष | अध्यक्ष |
| ख) | स्थानीय तहको प्रमुख/अध्यक्षले तोकेको कार्यपालिकाको सदस्य | सदस्य |
| ग) | स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) | सम्बन्धित कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ङ) | कार्यान्वयन एकाइको प्रमुखले तोकेको प्रतिनिधि | सदस्य |
| च) | कृषक सहजकर्ता | सदस्य |
| छ) | स्थानीय तहको कृषि शाखा प्रमुख | सदस्य-सचिव |

**१२. स्थानीय तह समन्वय समितिको कार्यविवरण:** (१) समितिको कार्यविवरण देहायअनुसार हुनेछः

(क) दफा ७ बमोजिम पेश भएका स्किम २ कार्यक्रमसँग सम्बन्धित प्राप्त आवेदनहरूको अनुसूची २४ बमोजिमको जाँचसूचीको आधारमा अध्ययन गरी ग्राह्यताको सूची तयार गर्ने,

(ख) उपदफा (१) (क) बमोजिम ग्राह्य भएका आवेदनहरूमध्ये दफा ९ को उपदफा (१) र उपदफा (२) बमोजिमको अनुदानयोग्य कूल लागतको आधारमा रू. १ करोड २० लाखभन्दा बढी अनुदान रकम माग भएका आवेदनहरूलाई थप मूल्याङ्कन नगरी सम्बन्धित आयोजना कार्यान्वयन एकाइमा पठाउने। तर तोकिएको समय सीमाभित्र कुनै मनासिव कारणले पठाउन असमर्थ भएमा सोको पुष्ट्याईसहित समितिले सम्बन्धित आयोजना कार्यान्वयन एकाइमा पठाउन सक्ने,

(ग) उपदफा (१) (ख) बाहेकका आवेदनहरूको हकमा अनुसूची २५ बमोजिम तयार गरेको स्थलगत प्रमाणीकरण प्रतिवेदनलाई समेत आधार मानी अनुसूची २६ बमोजिम हरेक आवेदनको छुट्टाछुट्टै मूल्याङ्कन गरी अन्तिम छनौटका लागि अनुसूची २८ बमोजिमको प्रारम्भिक छनौट प्रतिवेदनसहित सम्बन्धित स्थानीय तहमा दर्ता भएका सम्पूर्ण आवेदनहरू सम्बन्धित कागजातहरूसहित फलफूल बगैँचा स्थापना कार्यक्रम अन्तर्गत प्राप्त हुने आवेदनहरूको मूल्याङ्कन हिउँदे फलफूलको हकमा कार्तिक मसान्तभित्र र वर्षे फलफूलको हकमा चैत्र मसान्त्रभित्र सम्पन्न गरी सिफारिससहित सम्बन्धित आयोजना कार्यान्वयन एकाइमा पेश गर्ने। तर तोकिएको

समय सीमाभित्र कुनै मनासिव कारणले पठाउन असमर्थ भएमा सोको पुष्ट्याईसहित समितिले सम्बन्धित आयोजना कार्यान्वयन एकाइमा पठाउन सक्ने,

(घ) दफा ७ बमोजिम पेश भएका स्किम २ कार्यक्रमसँग सम्बन्धित तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन कार्यक्रमका आवेदनहरूको हकमा अनुसूची २७ बमोजिम पेश भएका हरेक आवेदनको छुट्टाछुट्टै मूल्याङ्कन गरी अनुसूची २९ बमोजिमको प्रारम्भिक छनौट प्रतिवेदनसहित दर्ता भएका सम्पूर्ण आवेदनहरू सम्बन्धित कागजातहरूसहित आवेदन पेश गर्ने समय सीमा सकिएको ४५ दिनभित्र अनिवार्य रूपमा सिफारिससहित अन्तिम छनौटका लागि सम्बन्धित आयोजना कार्यान्वयन एकाइमा पेश गर्ने । तर तोकिएको समय सीमाभित्र कुनै मनासिव कारणले पठाउन असमर्थ भएमा सोको पुष्ट्याईसहित समितिले सम्बन्धित आयोजना कार्यान्वयन एकाइमा पठाउन सक्ने,

(ङ) उपदफा १ (क) बमोजिम ग्राह्य सूची तयारी र उपदफा १ (ग) र १ (घ) बमोजिम हुने स्थलगत प्रमाणीकरण तथा मूल्याङ्कन कार्य र दफा १९ को उपदफा (२) बमोजिमको कार्यसम्पन्न प्रतिवेदन तयारीको लागि समितिले समितिका प्राविधिक सदस्यहरूमध्येबाट ३ सदस्यीय एक उपसमिति गठन गर्ने,

(च) सञ्चालन हुने कार्यक्रमहरूको भुक्तानीको लागि केन्द्रीय एकाइ/कार्यान्वयन एकाइलाई सिफारीस गर्ने,

(छ) सम्बन्धित स्थानीय तहमा सञ्चालन हुने कृषक पोषण पाठशालाका सहभागीहरूको अनुसूची ३९ बमोजिम पहिचान तथा छनौट गर्ने,

(ज) आयोजनाको प्रभावकारी कार्यान्वयनको लागि स्थानीयस्तरमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(झ) आयोजनाबाट स्थानीय तहमा सञ्चालित क्रियाकलापहरूको अनुगमन तथा पृष्ठपोषण गर्ने,

(ञ) आयोजनाका क्रियाकलापहरू कार्यान्वयनको चरणमा हुने आवधिक अनुगमन तथा मूल्याङ्कनका लागि प्रादेशिक आयोजना कार्यान्वयन एकाइ र केन्द्रीय आयोजना व्यवस्थापन एकाइलाई सहयोग गर्ने ।

**१३. प्रादेशिक अनुदान व्यवस्थापन समिति:** (१) कार्यान्वयन एकाइ तहमा अनुदान व्यवस्थापन गर्ने देहाय बमोजिमको समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | प्रादेशिक आयोजना व्यवस्थापक वा निजले तोकेको वरिष्ठ अधिकृत, कार्यान्वयन एकाइ | संयोजक |
| (ख) | वरिष्ठ/कृषि अधिकृत (तह ६/७/८/९/१०), कार्यान्वयन एकाइ | सदस्य |
| (ग) | प्रदेश मन्त्रालयले तोकेको कृषि सेवाको अधिकृतस्तरीय प्रतिनिधि | सदस्य |
| (घ) | प्रदेश मन्त्रालयले तोकेको कानून अधिकृत | सदस्य |
| (ङ) | लेखा प्रमुख, कार्यान्वयन एकाइ | सदस्य |
| (च) | प्रादेशिक टिम लिडर, कार्यान्वयन एकाइ | सदस्य |
| (छ) | योजना/कृषि अधिकृत (तह ६/७/८), कार्यान्वयन एकाइ | सदस्य-सचिव |

(२) समितिले आयोजनाको GAFSP प्रदेश संयोजक, वातावरण विज्ञ, लैङ्गिक विज्ञ, सामाजिक सुरक्षा विज्ञ र अन्य विषय विज्ञहरूलाई तत् विषयमा आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्नसक्नेछ ।

**१४. प्रादेशिक अनुदान व्यवस्थापन समितिको कार्यविवरण:** (१) समितिको कार्यविवरण देहायअनुसार हुनेछ;

(क) आयोजनाबाट प्रवाह हुने अनुदान सम्बन्धी आवेदन आह्वानको सूचना प्रवाहका लागि समन्वयात्मक कार्यहरू गर्ने,

(ख) आयोजना सञ्चालन भएका स्थानीय तहहरूसँग समन्वय गर्ने,

(ग) स्थानीय तह समन्वय समितिलाई अनुदान सम्बन्धी आवेदनहरूको अध्ययन विश्लेषण तथा समयमै प्रारम्भिक छनौट प्रतिवेदन तयार गर्न आवश्यक सहजीकरण गर्ने,

(घ) स्थानीय तह समन्वय समितिबाट दफा १२ को उपदफा (१) को (ग) र (घ) बमोजिम प्रारम्भिक छनौट प्रतिवेदन एवम् सिफारिस साथ प्राप्त भई आएका आवेदनसहितका कागजातहरू र दफा १२ को उपदफा (१) (ग) बमोजिम प्राप्त भएका आवेदनको आधारमा अन्तिम छनौट गरी सम्झौताको लागि आयोजना कार्यान्वयन एकाइमा सिफारीस गर्ने,

(ङ) समितिले दफा १२ को उपदफा (१) को (ग) र (घ) बमोजिम प्राप्त भएका आवेदनहरूको आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण तथा मूल्याङ्कनसमेत गर्न सक्नेछ। यसरी हुने मूल्याङ्कनको नतिजामा फरक पर्न गएमा दफा १३ बमोजिमको समितिले गरेको निर्णय अन्तिम हुनेछ,

(च) दफा १२ को उपदफा (१) (ख) बमोजिम स्थानीय तह समन्वय समितिबाट पेश भएका आवेदनहरूलाई केन्द्रीय आयोजना व्यवस्थापन एकाइमा प्रेषित गर्ने,

(छ) अनुसूची २५ बमोजिमको स्थलगत अनुगमन प्रतिवेदनबाट प्राप्त हुने सुझावलाई कार्यान्वयन गर्न आवश्यक ठानेमा आवेदनमा प्रस्तावित क्रियाकलापहरूमा परिमार्जन/थप गर्न सिफारिस गर्ने। यसरी हुने सिफारिसको कार्यान्वयन सम्बन्धी अन्तिम निर्णय दफा १८ को उपदफा (३) बमोजिम हुने वार्ताबाट हुनेछ।

**१५. केन्द्रीय अनुदान व्यवस्थापन समितिः** (१) केन्द्रीय एकाइ तहमा अनुदान व्यवस्थापन गर्न देहाय बमोजिमको समिति रहनेछ:

| | |
|---|---|
| (क) वरिष्ठ बागवानी विकास अधिकृत, केन्द्रीय एकाइ | संयोजक |
| (ख) राष्ट्रिय टिम लिडर, केन्द्रीय एकाइ | सदस्य |
| (ग) बागवानी विकास अधिकृत, राष्ट्रिय फलफूल विकास केन्द्र | सदस्य |
| (घ) मन्त्रालयले तोकेको कानून अधिकृत | सदस्य |
| (ङ) अधिकृतस्तर प्रतिनिधि, कृषि विभाग | सदस्य |
| (च) लेखा अधिकृत, केन्द्रीय एकाइ | सदस्य |
| (छ) बागवानी विकास अधिकृत, केन्द्रीय एकाइ | सदस्य-सचिव |

(२) आयोजनाका GAFSP coordinator, खरिद विज्ञ, अनुगमन तथा मूल्याङ्कन विज्ञ, वातावरण विज्ञ, लैङ्गिक विज्ञ, सामाजिक सुरक्षा विज्ञ तथा अन्य विषय विज्ञहरूलाई आवश्यकता अनुसार समितिले आमन्त्रण गर्न सक्नेछ।

**१६. केन्द्रीय अनुदान व्यवस्थापन समितिको कार्यविवरणः (१)** समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ;

(क) आयोजना कार्यान्वयन एकाइहरूबाट दफा १४ (१) (च) बमोजिम पेश भएका आवेदनहरूको अनुसूची २५ बमोजिम स्थलगत निरीक्षण तथा प्रमाणीकरणको प्रतिवेदन र अनुसूची २६ बमोजिम गरिएको मूल्याङ्कन समेतका आधारमा अन्तिम छनौट प्रतिवेदन तयार गरी सम्झौताका लागि केन्द्रीय आयोजना व्यवस्थापन एकाइमा सिफारिस गर्ने,

(ख) स्थलगत निरीक्षण तथा प्रमाणीकरण र मूल्याङ्कन कार्यको लागि समितिका सदस्यको संयोजकत्वमा उपसमितिहरू गठन गर्न सक्नेछ,

(ग) उपदफा (१) (क) बमोजिम आवेदनहरूको मूल्याङ्कन गर्दा प्रवाह हुने अनुदान रकम रू. १ करोड २० लाखभन्दा कम हुने देखिएमा त्यस्ता आवेदनहरू सम्बन्धित आयोजना कार्यान्वयन एकाइहरूबाट नै कार्यान्वयन हुने गरी मूल्याङ्कन प्रतिवेदन लगायतका कागजातसहित सम्बन्धित आवेदन आयोजना कार्यान्वयन एकाइहरूमा अन्तिम छनौटको लागि पठाउने,

(घ) यस कार्यविधि कार्यान्वयनका क्रममा आईपर्ने प्राविधिक विषयहरूमा केन्द्रीय आयोजना व्यवस्थापन एकाइमार्फत् मन्त्रालयस्तरीय प्राविधिक कार्यदल (MoAFE Working Group Committee) बाट आवश्यकता अनुसार पृष्ठपोषण लिने,

(ङ) यस कार्यविधि अनुरूप सञ्चालन हुने कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा कार्यविधिमा कुनै संशोधन गर्नुपर्ने भएमा सोको लागि केन्द्रीय आयोजना व्यवस्थापन एकाइ समक्ष सिफारिस गर्ने,

(च) अनुसूची २५ बमोजिमको स्थलगत अनुगमन प्रतिवेदनबाट प्राप्त हुने सुझावलाई कार्यान्वयन गर्न आवश्यक ठानेमा आवेदनमा प्रस्तावित क्रियाकलापहरूमा परिमार्जन/थप गर्न सिफारिस गर्ने।

**१७. अन्तिम छनौट:** (१) दफा १४ को उपदफा (१) (घ) र दफा १६ को उपदफा (१) (क) बमोजिम सिफारिस भएका आवेदनहरूको अन्तिम छनौट निर्णय सम्बन्धित कार्यान्वयन एकाइ वा केन्द्रीय एकाइले गर्नेछ।

(२) यसरी अन्तिम छनौट निर्णय भएपश्चात् सम्झौता गर्नुपूर्व सम्झौता गर्ने निकायले अन्तिम छनौट सूची सार्वजनिक गर्नुपर्नेछ।

**१८. सम्झौता:** (१) दफा १७ बमोजिम छनौट भएका आवेदकहरूलाई छनौट गर्ने निकायले १५ दिनको समयावधी दिई सम्झौता गर्नको लागि अनुसूची ३० बमोजिमको ढाँचामा लिखित पत्राचार गर्नुपर्नेछ।

(२) अन्तिम छनौट भएका आवेदकले सम्झौताको लागि सम्बन्धित निकायलाई अनुसूची ३१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (४) बमोजिम सम्झौता गर्दा आवेदकले दफा ७ बमोजिम पेश गरेको आवेदन र सोको मूल्याङ्कनको आधारमा नै गर्नुपर्नेछ। तर यसरी गरिने सम्झौताको क्रममा सम्झौता गर्ने निकायले प्रस्तावित क्रियाकलापमा परिमार्जन गर्न उपयुक्त ठानेमा अनुदानग्राहीसँग वार्ता (negotiation) गरी सम्झौता गर्न सक्नेछ।

(४) अन्तिम छनौट भएका आवेदकहरूसँग अनुदान सम्झौता सम्बन्धित आयोजना कार्यान्वयन एकाइहरू वा केन्द्रीय आयोजना व्यवस्थापन एकाइले अनुसूची ३२ वा अनुसूची ३३ बमोजिमको ढाँचामा गर्नुपर्नेछ र सम्झौता भएका आवेदनहरूको संक्षिप्त विवरण सम्झौता गर्ने निकायले सम्बन्धित स्थानीय तहहरूलाई जानकारी गराउनुपर्नेछ।

**१९. अनुदान रकमको भुक्तानी:** (१) दफा १८ बमोजिम भएको सम्झौता अनुसार बगैँचा स्थापना कार्य सम्पन्न भएपश्चात् र सिँचाइ व्यवस्थापनको कार्य सम्पन्न भएपश्चात् गरी बढीमा दुई किस्तामा भुक्तानी दिन सकिनेछ। अनुदानग्राहीले अनुदान रकम भुक्तानीको लागि देहाय बमोजिमका कागजात संलग्न गरी सोझै वा कृषक सहजकर्तामार्फत सम्झौता गरिएको निकायमा भुक्तानीको लागि अनुसूची ३४ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

(क) सम्झौता बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्दा भएका खर्चहरूको सक्कल बिल तथा भरपाईहरू,

(ख) कार्यक्रम सञ्चालन गर्नु पूर्वको अवस्था, कार्यान्वयनको चरण र सम्पन्न भएका गतिविधिहरू झल्किने तस्बीरहरू,

(ग) अनुसूची ३५ वा अनुसूची ३६ बमोजिमको कार्य सम्पन्न प्रतिवेदन

(घ) अनुसूची ३७ बमोजिमको सिफारिस पत्र,

(ङ) अनुसूची ३८ बमोजिमको संस्थागत निर्णयको प्रतिलिपि,

(च) फलफूल बगैँचा स्थापना कार्यक्रमका हकमा अनुसूची ५९ बमोजिमको सार्वजनिक सुनुवाईको प्रतिवेदन

(२) अनुसूची १३ को महल ५ (मलखाद), महल ६ (जमिनको सरसफाई तथा पूर्व तयारी) र महल ७ (श्रमशक्ति) बमोजिमका क्रियाकलापहरूमा लाग्ने खर्चमा पाउने अनुदान रकमको भुक्तानीको लागि अनुदानग्राहीले बिल तथा भरपाई पेश गर्नुपर्ने छैन। यस क्रियाकलापको भुक्तानी फलफूल बिरुवा रोपण नतिजाका आधारमा दफा १२ को उपदफा १ (ङ) बमोजिमको उपसमितिले पेश गरेको अनुसूची ३५ बमोजिमको कार्यसम्पन्न प्रतिवेदन अनुसार हुनेछ।

(३) सम्झौता गर्ने निकायले अनुदानग्राहीबाट पेश भएको भुक्तानीको निवेदन उपर स्थलगत प्रमाणीकरणको आधारमा सम्झौता अनुसारको अनुदान रकममा नबढ्ने गरी अनुदानग्राहीले उपलब्ध गराएको बैंक खातामार्फत अनुदान रकम भुक्तानी गरी सोको अभिलेख अनुसूची ४१ बमोजिम राख्नुपर्नेछ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यक्रमका लागि अनुदान प्राप्त गर्न दफा ९ र दफा १० मा तोकिएको क्षेत्रफलभन्दा कम भएको स्थलगत अनुगमन प्रतिवेदनबाट प्रमाणित भएमा अनुदान रकम भुक्तानी हुनेँछैन।

(५) दफा ९ को उपदफा (९) अनुसारको प्रोत्साहन अनुदानको भुक्तानी अनुसूची ४० बमोजिमको प्रतिवेदनका आधारमा सम्बन्धित कार्यान्वयन एकाइले गर्नेछ।

## परिच्छेद-४
# स्किम ३ कार्यान्वयन सम्बन्धी प्राविधिक पक्षहरू

२०. **अनुदानग्राहीहरूको छनौट:** (१) पेश भएका आवेदनहरूको छनौट सिफारिस गर्न केन्द्रीय एकाइमा देहाय बमोजिमको प्रतिस्पर्धात्मक अनुदान व्यवस्थापन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | वरिष्ठ कृषि अर्थ विज्ञ, केन्द्रीय एकाइ | संयोजक |
| (ख) | राष्ट्रिय टिम लिडर, केन्द्रीय एकाइ | सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, राष्ट्रिय फलफूल विकास केन्द्र | सदस्य |
| (घ) | कानून अधिकृत, कृषि, वन तथा पर्यावरण मन्त्रालय | सदस्य |
| (ङ) | अधिकृत प्रतिनिधि, कृषि विभाग | सदस्य |
| (च) | लेखा अधिकृत, केन्द्रीय एकाइ | सदस्य |
| (छ) | कृषि इन्जिनियर, केन्द्रीय एकाइ | सदस्य |
| (ज) | योजना अधिकृत, केन्द्रीय एकाइ | सदस्य-सचिव |

(२) आयोजनाका सम्बन्धित विषय विज्ञहरू तथा सम्बन्धित कार्यान्वयन एकाइलाई समितिले आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको कार्य विवरण देहाय अनुसार हुनेछः

(क) पेश भएका आवेदनहरूको अनुसूची ४५ बमोजिम प्रारम्भिक जाँच गरी सोको आधारमा मूल्याङ्कनका लागि योग्य आवेदनहरूको सूची तयार गर्ने।

(ख) दफा ७ बमोजिम स्किम ३ कार्यक्रमका लागि प्राप्त आवेदनहरूको अनुसूची ४७ बमोजिम मूल्याङ्कन गर्ने,

(ग) उपदफा (३) (क) बमोजिम छनौट भएका आवेदनहरूको अनुसूची ४७ बमोजिम ४० (चालिस) अङ्कमा आवेदन मूल्याङ्कन गर्ने र यसरी मूल्याङ्कन गर्दा कूल ४० अङ्कमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेका आवेदनहरूको मात्र स्थलगत प्रमाणीकरण चरणको मूल्याङ्कन गर्ने।

(घ) उपदफा (३) (ग) बमोजिम सूचीमा परेका आवेदनहरूको आवश्यकता अनुसार समितिका सदस्यको संयोजकत्वमा उपसमितिहरू गठन गरी स्थलगत प्रमाणीकरण गर्ने/गराउने।

(ङ) यसरी उपदफा (३) (घ) बमोजिम स्थलगत प्रमाणीकरण गर्दा अनुसूची ४७ बमोजिम आवेदनहरूको ६० अङ्कमा मूल्याङ्कन गर्ने र यसरी मूल्याङ्कन गर्दा कूल ६० अङ्कमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेका आवेदनहरूलाई मात्र विज्ञ सहितको समूहगत छलफल (प्यानल डिस्कसन) को चरणमा मूल्याङ्कन गर्ने।

(च) यसरी उपदफा (३) (ङ) बमोजिम आवेदनको स्थलगत प्रमाणीकरण गर्दा आवेदन कार्यान्वयन हुन सक्ने पर्याप्त आधारहरू नदेखिएमा उपसमितिको सिफारिस बमोजिम त्यस्ता आवेदनहरूलाई अयोग्य ठहर्‍याई मूल्याङ्कन प्रक्रियाबाट हटाउने।

(छ) उपदफा (३) (ङ) बमोजिम स्थलगत प्रमाणीकरणका क्रममा आयोजनाका सम्बन्धित विषयगत परामर्शदाता विज्ञहरूमार्फत आवेदनहरूको वातावरणीय तथा सामाजिक प्रभाव विश्लेषण प्रतिवेदन तयार गराउने र उक्त प्रतिवेदनको सिफारिसको आधारमा आवेदनहरूको मूल्याङ्कन गर्ने।

(ज) उपदफा (३) (छ) अनुसार छनौट भएका आवेदन उपर आवेदकबाट प्रस्तुतीकरण गर्न लगाई अनुसूची ४७ बमोजिम १०० (सय) अङ्कमा समूहगत छलफल (प्यानल डिस्कसन) गरी मूल्याङ्कन गर्ने र यसरी मूल्याङ्कन गर्दा कूल १०० अङ्कमा न्यूनतम ६० प्रतिशत अङ्क प्राप्त गरेका आवेदकलाई वार्ताको चरणमा लैजाने।

(झ) यसरी उपदफा (३) (ज) बमोजिम आवेदन उपर समूहगत छलफल गर्दा आवेदन कार्यान्वयन हुन सक्ने पर्याप्त आधारहरू नदेखिएमा त्यस्ता आवेदनहरूलाई अयोग्य ठहर्‍याई मूल्याङ्कन प्रक्रियाबाट हटाउने।

(ञ) उपदफा (३) (ग), (ङ), (च), (ज) र (झ) अनुसार गरिएको मूल्याङ्कन बमोजिम प्राप्त अङ्कको कूल योगफलका आधारमा प्रस्तावहरूको योग्यताक्रमसहित अन्तिम सूची निर्धारण गर्ने।

(ट) उपदफा (३) (ञ) बमोजिम योग्यताक्रममा परेका आवेदनहरूको प्रस्तावित क्रियाकलापहरूका सम्बन्धमा आवेदकसँग वार्ता/छलफलसमेत गरी उपदफा ३ (छ) को प्रतिवेदनका सुझावहरूसमेत समावेश गरी परिष्कृत क्रियाकलाप, लागत र अधिकतम अनुदान रकम यकिन गरी केन्द्रीय एकाइलाई अन्तिम छनौटको लागि सिफारिस गर्ने।

(ठ) समितिले आफ्नो काममा सहयोग गर्न उपसमिति बनाउन सक्ने।

(ड) यस कार्यविधि अनुसार समितिले गर्नुपर्ने कार्यहरू गर्न/गराउन आवश्यकता अनुसार प्रक्रिया तय गर्ने।

(४) केन्द्रीय एकाइले उपदफा (३) (ट) बमोजिम सिफारिस भएका अनुदानग्राहीहरूको अन्तिम छनौट तथा अनुदान रकम स्वीकृत गर्नेछ।

(५) उपदफा (४) बमोजिम स्वीकृत अनुदानग्राहीहरूको प्रारम्भिक सूची आयोजनाको वेबसाइटमार्फत सार्वजनिकीकरण गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम प्रकाशित सूची उपर दफा ६८ बमोजिम कुनै गुनासो प्राप्त नभएमा स्वीकृत तथा अस्वीकृत प्रस्तावहरूको अन्तिम सूची आयोजनाको वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्नेछ ।

(७) अनुदानग्राहीको सङ्ख्या स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही योग्यताक्रमका आधारमा निर्धारण गरिनेछ । यसरी छनौट भएका योग्य आवेदकहरूलाई अर्को आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेटमार्फत सम्बोधन गर्दै लगिनेछ ।

**२१. अनुदान प्रवाहः** (१) यस कार्यविधि अनुरूपका कार्यक्रमहरू सञ्चालन गर्दा अनुदानग्राहीहरूलाई प्रदान गरिने अनुदानको सीमा दफा ६ को व्यवस्था अनुसार दफा २० बमोजिमको अन्तिम छनौट निर्णय अनुसार हुनेछ ।

(२) दफा २० बमोजिम अनुदान रकम स्वीकृत भएपश्चात् तोकिएको शर्तहरू पूरा गर्न प्रतिबद्ध भएको अनुदानग्राहीसँग केन्द्रीय एकाइले अनुसूची ४८ अनुसार सम्झौता गर्नेछ ।

(३) उपदफा २ अनुसार भएको सम्झौता बमोजिमको कार्य सम्पादनको आधारमा केन्द्रीय एकाइले अनुदानग्राहीलाई दफा २२ बमोजिम अनुदान रकम भुक्तानी गर्नेछ ।

**२२. अनुदानको भुक्तानीः** (१) अनुदानग्राहीलाई केन्द्रीय एकाइमार्फत प्रदान गरिने अनुदान रकम दफा २१ (२) अनुसारको सम्झौतामा उल्लिखित कार्य सम्पन्नताको आधारमा बढीमा दुई किस्तामा बैंक खातामार्फत भुक्तानी गर्न सकिनेछ । यसरी भुक्तानी गर्दा देहायको विधि अवलम्बन गरिनेछ ।

(क) अनुदानग्राहीले पहिलो किस्ता माग गर्न सम्झौतामा उल्लेखित मुख्य क्रियाकलापहरू र कूल लागतको न्यूनतम ५० प्रतिशत बराबरको कार्यसम्पन्न गरी भुक्तानीको लागि अनुसूची ४९ बमोजिम निवेदन दिनुपर्नेछ ।

(ख) उपदफा (१) (क) बमोजिम प्राप्त निवेदनका आधारमा केन्द्रीय एकाइले प्राविधिक नापजाँच गराई कार्यसम्पन्न प्रतिवेदन तयार गराउनेछ । यसरी प्राप्त हुने प्राविधिक नापजाँचको प्रतिवेदन र केन्द्रीय एकाइबाट स्थलगत अनुगमनपश्चात् अनुगमन प्रतिवेदन समेतको आधारमा निवेदनमा उल्लेख गरे बमोजिमको कार्य सम्पन्नता भएको यकिन भएमा उक्त कार्यका लागि सम्झौतामा उल्लेख गरिएको रकमको बढीमा ४० प्रतिशतसम्म (प्रथम किस्ता स्वरूप) अनुदान रकम अनुदानग्राहीलाई उपलब्ध गराउन सक्नेछ ।

(२) सम्झौता बमोजिम अन्तिम भुक्तानी हुन बाँकी अनुदान रकम सम्झौता अनुसार कार्यसम्पन्न गरी केन्द्रीय एकाइमा अनुसूची ४९ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ ।

(क) अनुदानग्राहीले भुक्तानी माग गर्दा निवेदनसहित सम्झौता बमोजिमको कार्यगर्दा भएका खर्चहरूको सक्कल बिल तथा भरपाई, कार्यक्रम सञ्चालन गर्नुपूर्वको अवस्था तथा कार्यान्वयनको चरण र सम्पन्न भएका सबै गतिविधिहरू झल्किने फोटो/भिडियोहरू, अनुसूची ५९ बमोजिमको सार्वजनिक सुनुवाईको प्रतिवेदन (अन्तिम किस्ता भुक्तानीको हकमा) केन्द्रीय एकाइमा पेश गर्नुपर्नेछ ।

(ख) उपदफा (३) (क) बमोजिम प्राप्त निवेदनका आधारमा केन्द्रीय एकाइले प्राविधिक नाप जाँच गराई कार्यसम्पन्न प्रतिवेदन तयार गराउनेछ । यसरी प्राप्त हुने प्राविधिक नाप जाँचको प्रतिवेदन र केन्द्रीय एकाइबाट स्थलगत अनुगमनपश्चात् अनुगमन प्रतिवेदन समेतको आधारमा निवेदनमा उल्लेख गरे बमोजिमको कार्य सम्पन्नता भएको यकिन भएमा उक्त कार्यका लागि सम्झौतामा उल्लेख गरिएको रकममा नबढ्ने गरी बाँकी अनुदान रकम अनुदानग्राहीलाई उपलब्ध गराउनेछ ।

(३) अनुदानग्राहीलाई केन्द्रीय एकाइमार्फत प्रदान गरिने अनुदान रकम सम्झौतामा उल्लिखित कार्यसम्पन्न भएपश्चात् मात्र पहिलो तथा दोस्रो वा अन्तिम किस्ता स्वरूप अनुदानग्राहीलाई अनुदान भुक्तानी गरी सोको अभिलेख अनुसूची ५८ बमोजिम राख्नुपर्नेछ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिए तापनि यदि अनुदानग्राहीले सम्झौता बमोजिम सम्पूर्ण कार्यसम्पन्न गरीसके पश्चात् उपदफा (२) बमोजिमका कागजातसहित शत प्रतिशत अनुदान रकम एकमुष्ट माग गरेको खण्डमा समेत उपदफा (३) बमोजिम अनुदान भुक्तानी गर्न बाधा परेको मानिने छैन ।

(५) सम्झौता अनुरूप तोकिएको समय सीमाभित्र कार्यसम्पन्न गर्न नसक्ने अवस्था आइपरेमा अनुदानग्राहीले सम्झौताको अवधि सकिन एक महिना अगावै उचित कारणसहित म्याद थप गर्नका लागि आयोजनामा निवेदन पेश गरेको खण्डमा आयोजनाले निवेदन उपर अध्ययन, विश्लेषण तथा स्थलगत निरीक्षणसमेत गरी मनासिव कारण देखिएमा स्वीकृत अनुदान रकममा नबढ्ने गरी कूल सम्झौता अवधिको १० प्रतिशतसम्म म्याद थप गर्न सक्नेछ ।

**२३. अनुदानग्राही संस्थाको योग्यताः** (१) दफा ५ बमोजिमको स्किम ३ कार्यक्रममा सहभागी हुन देहायका योग्यता पुगेका सहकारी प्रस्ताव पेश गर्न योग्य हुनेछन् ।

(क) सहकारी ऐन तथा कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको,

(ख) कृषि उत्पादन, प्रशोधन वा बजारीकरण सम्बन्धी कम्तीमा ३ वर्षको कार्य अनुभव भएको,

(ग) प्यान/भ्याट दर्ता प्रमाणपत्र लिएको,

(घ) नियमित रूपमा वार्षिक लेखा परीक्षण भएको,

(ङ) नियमानुसार वार्षिक कर चुक्ता गरेको,

(च) नियमित रूपमा वार्षिक साधारण सभा सम्पन्न गरेको,

(छ) सञ्चालक समिति र लेखा सुपरिवेक्षक समितिको नियमित रूपमा निर्वाचन गरेको,

(ज) आयोजना क्षेत्रका स्किम २ का लाभग्राहीका साथै आयोजना लक्षित फलफूल उत्पादक कृषक/कृषक समूह/सहकारी/निजी उद्यमीहरूसँग उपज खरिद बिक्री सम्बन्धी व्यावसायिक साझेदारिताको लागि सम्झौता भई कम्तीमा १०० कृषक घरधुरी लाभान्वित हुने प्रमाण/प्रतिवद्धता पत्र संलग्न भएको,

(झ) प्रस्तावित निर्माणको लागि जग्गा उपलब्ध भएको सुनिश्चितता प्रमाण पेश गरेको ।

**२४. अनुदान उपलब्ध गराउन सकिने क्रियाकलापहरू:** (१) दफा ५ बमोजिम स्किम ३ कार्यक्रम सञ्चालनका लागि सहकारीलाई देहायका क्रियाकलापहरूमा अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

(क) कृषि उपजहरूको सङ्कलन तथा संयोजन सुविधा (Collection and assembling facility for produces),

(ख) उत्पादनोपरान्त परिचालन (Post harvest handling) सम्बन्धी उपकरण खरिद तथा जडान,

(ग) भण्डारण पूर्व गरिने चिस्यानको सुविधा (Pre-cooling facilities),

(घ) उपचार, छनौट (Sorting), वर्गीकरण (Grading) सम्बन्धी उपकरण खरिद तथा जडान,

(ङ) प्रारम्भिक प्रशोधन स्थापना सम्बन्धी कार्य एवम् उपकरण खरिद तथा जडान,

(च) छोटो अवधि भण्डारण (Short-term Storage) सम्बन्धी उपकरण खरिद तथा जडान,

(छ) प्याकेजिङ सम्बन्धी कार्य, उपकरण खरिद तथा जडान,

(ज) आधुनिक बिक्री कक्ष स्थापना तथा सुदृढीकरण,

(झ) शीत-शृङ्खला लागू गर्न रेफ्रिजरेटेड भ्यान वा ढुवानी साधनमा जडान हुने रेफ्रिजरेटेड उपकरण खरिद तथा जडान।

२५. **जग्गाको स्वामित्वः** आवेदकले कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरेको जमिन आफ्नै स्वामित्वको भएमा लालपूर्जाको प्रतिलिपि वा जग्गा भाडा/करारमा लिएको भए कम्तीमा १५ वर्ष अवधि बाँकी भएको करार सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ।

२६. **डिजाइन र लागत अनुमानः** (१) आवेदकले प्रस्ताव पेश गर्दा पूर्वाधार तथा औजार उपकरणको हकमा क्रियाकलापको विवरण सहितको प्रारम्भिक लागत अनुमान संलग्न राखी पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको लागत अनुमानमा समावेश भएका हरेक क्रियाकलापमा आयोजनाले प्रदान गर्ने अनुदान बढीमा ५० प्रतिशत हुने गरी आवेदकको लागत सहभागिता स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

(३) दफा २० उपदफा (७) बमोजिम छनौट भएका आवेदकहरूको स्वीकृत लागतको परिधिमा रही कार्यसम्पादनका लागि केन्द्रीय एकाइले इन्जिनियरिङ डिजाइन र लागत अनुमान तयार गर्नेछ र सोही बमोजिम कार्य सम्पादन गर्ने दायित्व सम्बन्धित अनुदानग्राहीको हुनेछ।

## परिच्छेद-५
## स्किम ४ कार्यान्वयन सम्बन्धी प्राविधिक पक्षहरू

२७. **अनुदानग्राहीहरूको छनौटः** (१) पेश भएका प्रस्तावहरूको छनौट सिफारिस गर्न केन्द्रीय एकाइमा देहाय बमोजिमको प्रतिस्पर्धात्मक अनुदान व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| (क) वरिष्ठ कृषि अधिकृत, केन्द्रीय एकाइ | संयोजक |
| (ख) राष्ट्रिय टिम लिडर, केन्द्रीय एकाइ | सदस्य |
| (ग) अधिकृत प्रतिनिधि, राष्ट्रिय फलफूल विकास केन्द्र | सदस्य |
| (घ) कानून अधिकृत, कृषि, वन तथा पर्यावरण मन्त्रालय | सदस्य |
| (ङ) अधिकृत प्रतिनिधि, कृषि विभाग | सदस्य |
| (च) लेखा अधिकृत, केन्द्रीय एकाइ | सदस्य |
| (छ) कृषि इन्जिनियर, केन्द्रीय एकाइ | सदस्य |
| (ज) कृषि अधिकृत, केन्द्रीय एकाइ | सदस्य-सचिव |

(२) आयोजनाका सम्बन्धित विषय विज्ञहरू तथा सम्बन्धित कार्यान्वयन एकाइलाई समितिले आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको कार्यविवरण देहाय अनुसार हुनेछः

(क) पेश भएका आवेदनहरूको अनुसूची ४५ बमोजिम प्रारम्भिक जाँच गरी सोको आधारमा मूल्याङ्कनका लागि योग्य आवेदनहरूको सूची तयार गर्ने।

(ख) दफा ७ बमोजिम स्किम ४ कार्यक्रमका लागि प्राप्त आवेदनहरूको अनुसूची ४७ बमोजिम मूल्याङ्कन गर्ने,

(ग) उपदफा (३) (क) बमोजिम छनौट भएका आवेदनहरूको अनुसूची ४७ बमोजिम ४० (चालिस) अङ्कमा आवेदन मूल्याङ्कन गर्ने र यसरी मूल्याङ्कन गर्दा कूल ४० अङ्कमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेका आवेदनहरूको मात्र स्थलगत प्रमाणीकरण चरणको मूल्याङ्कन गर्ने।

(घ) उपदफा (३) (ग) बमोजिम सूचीमा परेका आवेदनहरूको आवश्यकता अनुसार समितिका सदस्यको संयोजकत्वमा उपसमितिहरू गठन गरी स्थलगत प्रमाणीकरण गर्ने/गराउने।

(ङ) यसरी उपदफा (३) (घ) बमोजिम स्थलगत प्रमाणीकरण गर्दा अनुसूची ४७ बमोजिम आवेदनहरूको ६० अङ्कमा मूल्याङ्कन गर्ने र यसरी मूल्याङ्कन गर्दा कूल ६० अङ्कमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेका आवेदनहरूलाई मात्र विज्ञ सहितको समूहगत छलफल (प्यानल डिस्कसन) को चरणमा मूल्याङ्कन गर्ने।

(च) यसरी उपदफा (३) (ङ) बमोजिम आवेदनको स्थलगत प्रमाणीकरण गर्दा आवेदन कार्यान्वयन हुन सक्ने पर्याप्त आधारहरू नदेखिएमा उपसमितिको सिफारिस बमोजिम त्यस्ता आवेदनहरूलाई अयोग्य ठहर्‍याई मूल्याङ्कन प्रक्रियाबाट हटाउने।

(छ) उपदफा (३) (ङ) बमोजिम स्थलगत प्रमाणीकरणका क्रममा आयोजनाका सम्बन्धित विषयगत परामर्शदाता विज्ञहरूमार्फत आवेदनहरूको वातावरणीय तथा सामाजिक प्रभाव विश्लेषण प्रतिवेदन तयार गराउने र उक्त प्रतिवेदनको सिफारिसको आधारमा आवेदनहरूको मूल्याङ्कन गर्ने।

(ज) उपदफा (३) (छ) अनुसार छनौट भएका आवेदन उपर आवेदकबाट प्रस्तुतीकरण गर्न लगाई अनुसूची ४७ बमोजिम १०० (सय) अङ्कमा समूहगत छलफल (प्यानल डिस्कसन) गरी मूल्याङ्कन गर्ने र यसरी मूल्याङ्कन गर्दा कूल १०० अङ्कमा न्यूनतम ६० प्रतिशत अङ्क प्राप्त गरेका आवेदकलाई वार्ताको चरणमा लैजाने।

(झ) यसरी उपदफा (३) (ज) बमोजिम आवेदनको समूहगत छलफल गर्दा आवेदन कार्यान्वयन हुन सक्ने पर्याप्त आधारहरू नदेखिएमा त्यस्ता आवेदनहरूलाई अयोग्य ठहर्‍याई मूल्याङ्कन प्रक्रियाबाट हटाउने।

(ञ) उपदफा (ग), (ङ), (च), (ज) र (झ) अनुसार गरिएको मूल्याङ्कन बमोजिम प्राप्त अङ्कको कूल योगफलका आधारमा आवेदनहरूको योग्यताक्रमसहित अन्तिम सूची निर्धारण गर्ने।

(ट) उपदफा (३) (ञ) बमोजिम योग्यताक्रममा परेका आवेदनहरूको प्रस्तावित क्रियाकलापहरूका सम्बन्धमा आवेदकसँग वार्ता/छलफलसमेत गरी उपदफा ३ (छ) को प्रतिवेदनका सुझावहरूसमेत समावेश गरी परिष्कृत क्रियाकलाप, लागत र अधिकतम अनुदान रकम यकिन गरी केन्द्रीय एकाइलाई अन्तिम छनौटको लागि सिफारिस गर्ने।

(ठ) समितिले आफ्नो काममा सहयोग गर्न उपसमिति बनाउन सक्ने।

(ड) यस कार्यविधि अनुसार समितिले गर्नुपर्ने कार्यहरू गर्न/गराउन आवश्यकता अनुसार प्रक्रिया तय गर्ने।

(४) केन्द्रीय एकाइले उपदफा (३) (ट) बमोजिम सिफारिस भएका अनुदानग्राहीहरूको अन्तिम छनौट तथा अनुदान रकम स्वीकृत गर्नेछ।

(५) उपदफा (४) बमोजिम स्वीकृत अनुदानग्राहीहरूको प्रारम्भिक सूची आयोजनाको वेबसाइटमार्फत सार्वजनिकीकरण गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम प्रकाशित सूची उपर दफा ६८ बमोजिम कुनै गुनासो प्राप्त नभएमा स्वीकृत तथा अस्वीकृत आवेदनहरूको अन्तिम सूची आयोजनाको वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्नेछ ।

(७) अनुदानग्राहीको सङ्ख्या स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही योग्यता क्रमका आधारमा निर्धारण गरिनेछ । यसरी छनौट भएका योग्य आवेदकहरूलाई अर्को आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेटमार्फत सम्बोधन गर्दै लगिनेछ ।

(८) आवेदकले आवेदनसँग पेश गरेको साझेदार सहकारी स्किम ३ कार्यक्रमको अन्तिम छनौट सूचीमा समावेश नभएमा सो सूचीमा रहेका अन्य सम्भावित सहकारीसँग सहकार्यको लागि सम्झौता गरी उप-आयोजना कार्यान्वयन गराउन सकिनेछ ।

(९) उपदफा (८) बमोजिम कार्यान्वयन हुने नसक्ने देखिएमा आवेदकले आयोजना क्षेत्रका स्किम २ का लाभग्राहीका साथै अन्य फलफूल उत्पादक कृषक/कृषक समूह/सहकारी/निजी उद्यमीहरूसँग उपज खरिद बिक्री सम्बन्धी व्यावसायिक साझेदारिताको लागि सहकार्यको सम्झौता गरी उप-आयोजना कार्यान्वयन गराउन बाधा पर्ने छैन ।

२८. **अनुदान प्रवाहः** (१) यस कार्यविधि अनुरूपका कार्यक्रमहरू सञ्चालन गर्दा अनुदानग्राहीहरूलाई प्रदान गरिने अनुदानको सीमा दफा ६ को व्यवस्था अनुसार दफा २७ बमोजिमको अन्तिम छनौट निर्णय अनुसार हुनेछ ।

(२) दफा २७ बमोजिम अनुदान रकम स्वीकृत भएपश्चात् तोकिएको शर्तहरू पूरा गर्न प्रतिवद्ध भएको अनुदानग्राहीसँग केन्द्रीय एकाइले अनुसूची ४८ अनुसार सम्झौता गर्नेछ ।

(३) उपदफा २ अनुसार भएको सम्झौता बमोजिमको कार्य सम्पादनको आधारमा केन्द्रीय एकाइले अनुदानग्राहीलाई दफा २९ बमोजिम अनुदान रकम भुक्तानी गर्नेछ ।

२९. **अनुदानको भुक्तानीः** (१) अनुदानग्राहीलाई केन्द्रीय एकाइमार्फत प्रदान गरिने अनुदान रकम दफा २८ (२) अनुसारको सम्झौतामा उल्लिखित कार्य सम्पन्नताको आधारमा बढीमा दुई किस्तामा बैंक खातामार्फत भुक्तानी गर्न सकिनेछ । यसरी भुक्तानी गर्दा देहायको विधि अवलम्बन गरिनेछ ।

(क) अनुदानग्राहीले पहिलो किस्ता माग गर्न सम्झौतामा उल्लेखित मूख्य क्रियाकलापहरू र कूल लागतको न्यूनतम ५० प्रतिशत बराबरको कार्यसम्पन्न गरी भुक्तानीको लागि अनुसूची ४९ बमोजिम निवेदन दिनुपर्नेछ ।

(ख) उपदफा (१) (क) बमोजिम प्राप्त निवेदनका आधारमा केन्द्रीय एकाइले प्राविधिक नापजाँच गराई कार्यसम्पन्न प्रतिवेदन तयार गराउनेछ । यसरी प्राप्त हुने प्राविधिक नापजाँचको प्रतिवेदन र केन्द्रीय एकाइबाट स्थलगत अनुगमनपश्चात् अनुगमन प्रतिवेदन समेतको आधारमा निवेदनमा उल्लेख गरे बमोजिमको कार्य सम्पन्नता भएको यकिन भएमा उक्त कार्यका लागि सम्झौतामा उल्लेख गरिएको रकमको बढीमा ४० प्रतिशतसम्म (प्रथम किस्ता स्वरूप) अनुदान रकम अनुदानग्राहीलाई उपलब्ध गराउन सक्नेछ ।

(२) सम्झौता बमोजिम अन्तिम भुक्तानी हुन बाँकी अनुदान रकम सम्झौता अनुसार कार्यसम्पन्न गरी केन्द्रीय एकाइमा अनुसूची ४९ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ ।

(क) अनुदानग्राहीले भुक्तानी माग गर्दा निवेदनसहित सम्झौता बमोजिमको कार्यगर्दा भएका खर्चहरूको सक्कल बिल तथा भरपाई, कार्यक्रम सञ्चालन गर्नुपूर्वको अवस्था तथा कार्यान्वयनको चरण र सम्पन्न भएका सबै गतिविधिहरू झल्किने फोटो/भिडियोहरू, अनुसूची ५९ बमोजिमको सार्वजनिक सुनुवाईको प्रतिवेदन (अन्तिम किस्ता भुक्तानीको हकमा) केन्द्रीय एकाइमा पेश गर्नुपर्नेछ ।

(ख) उपदफा (२) (क) बमोजिम प्राप्त निवेदनका आधारमा केन्द्रीय एकाइले प्राविधिक नाप जाँच गराई कार्यसम्पन्न प्रतिवेदन तयार गराउनेछ । यसरी प्राप्त हुने प्राविधिक नाप जाँचको प्रतिवेदन र केन्द्रीय एकाइबाट स्थलगत अनुगमनपश्चात् अनुगमन प्रतिवेदन समेतको आधारमा निवेदनमा उल्लेख गरे बमोजिमको कार्य सम्पन्नता भएको यकिन भएमा उक्त कार्यका लागि सम्झौतामा उल्लेख गरिएको रकममा नबढ्ने गरी बाँकी अनुदान रकम अनुदानग्राहीलाई उपलब्ध गराउनेछ ।

(३) अनुदानग्राहीलाई केन्द्रीय एकाइमार्फत प्रदान गरिने अनुदान रकम सम्झौतामा उल्लिखित कार्यसम्पन्न भएपश्चात् मात्र पहिलो तथा दोस्रो वा अन्तिम किस्ता स्वरूप अनुदानग्राहीलाई अनुदान भुक्तानी गरी सोको अभिलेख अनुसूची ५८ बमोजिम राख्नुपर्नेछ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिए तापनि यदि अनुदानग्राहीले सम्झौता बमोजिम सम्पूर्ण कार्यसम्पन्न गरीसकेपश्चात् उपदफा (२) बमोजिमका कागजातसहित शत प्रतिशत अनुदान रकम एकमुष्ट माग गरेको खण्डमा समेत उपदफा (३) बमोजिम अनुदान भुक्तानी गर्न बाधा परेको मानिने छैन ।

(५) सम्झौता अनुरूप तोकिएको समय सीमाभित्र कार्यसम्पन्न गर्न नसक्ने अवस्था आइपरेमा अनुदानग्राहीले सम्झौताको अवधि सकिन एक महिना अगावै उचित कारणसहित म्याद थप गर्नका लागि आयोजनामा निवेदन पेश गरेको खण्डमा आयोजनाले निवेदन उपर अध्ययन, विश्लेषण तथा स्थलगत निरीक्षणसमेत गरी मनासिव कारण देखिएमा स्वीकृत अनुदान रकममा नबढ्ने गरी कूल सम्झौता अवधिको १० प्रतिशतसम्म म्याद थप गर्न सक्नेछ ।

**३०. अनुदानग्राही संस्थाको योग्यता:** (१) यस कार्यविधिको दफा ५ बमोजिम स्किम ४ कार्यक्रममा सहभागी हुन देहायका योग्यता पुगेका निजी फर्म/कम्पनी/उद्योगहरू आवेदन पेश गर्न योग्य हुनेछन् ।

(क) प्रचलित कानूनले तोके बमोजिमको निकायमा दर्ता भएको कम्तीमा ३ वर्ष पूरा गरी कृषि उत्पादन/प्रशोधन तथा बजारीकरण सम्बन्धी गतिविधि सञ्चालनको कम्तीमा २ वर्षको अनुभव भएको,

(ख) नियमानुसार वार्षिक कर चुक्ता गरेको,

(ग) प्यान/भ्याट दर्ता प्रमाणपत्र लिएको,

(घ) दफा ५ अनुसार स्किम ३ कार्यक्रममा आवेदन पेश गर्न दफा २३ बमोजिम योग्यता पुगेको सहकारी वा स्किम २ का लाभग्राहीका साथै आयोजना लक्षित फलफूल उत्पादक कृषक/कृषक समूह/सहकारी/निजी उद्यमीहरूसँग फलफूल खरिद बिक्री सम्बन्धी व्यावसायिक साझेदारिताको लागि सहकार्य गर्न सम्झौता/प्रतिवद्धता भएको,

(ङ) प्रस्तावित निर्माणको लागि जग्गा उपलब्धताको सुनिश्चितता प्रमाण पेश गरेको ।

**३१. अनुदान उपलब्ध गराउन सकिने क्रियाकलापहरू:** (१) दफा ५ बमोजिम स्किम ४ कार्यक्रम सञ्चालनका लागि निजी फर्म/कम्पनी/उद्योगहरूलाई देहायका क्रियाकलापहरूमा अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

(क) कृषि उपजहरूको सङ्कलन तथा संयोजन सुविधा (Collection and assembling facility for produces),

(ख) वस्तु विविधीकरणका लागि प्रशोधन सम्बन्धी कार्य गर्न उपकरण खरिद जडान तथा सञ्चालन,

(ग) भण्डारण संरचना निर्माण, उपकरण खरिद, जडान तथा सञ्चालन,

(घ) प्याकेजिङ्ग संरचना निर्माण, उपकरण खरिद, जडान तथा सञ्चालन,

(ङ) छनौट (Sorting)/वर्गीकरण (Grading)/लेबलिङ (Labeling)/ब्राण्डिङ (Branding) सम्बन्धी कार्य,

(च) प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन,

(छ) आधुनिक बिक्री कक्ष निर्माण,

(ज) शीत-शृङ्खला (Cold Chain) लागू गर्न रेफ्रिजरेटेड भ्यान वा ढुवानी साधनमा जडान हुने रेफ्रिजरेटेड उपकरण खरिद तथा जडान ।

**३२. जग्गाको स्वामित्वः** आवेदकले कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न आवेदन गरेको जमिन आफ्नै स्वामित्वको भएमा लालपूर्जाको प्रतिलिपि वा जग्गा भाडा/करारमा लिएको भए कम्तीमा १५ वर्ष अवधि बाँकी भएको करार सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

**३३. डिजाइन र लागत अनुमानः** (१) आवेदकले आवेदन पेश गर्दा पूर्वाधार तथा औजार उपकरणको हकमा क्रियाकलाप विवरण सहितको प्रारम्भिक लागत अनुमान संलग्न राखी पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लागत अनुमानमा समावेश भएका हरेक क्रियाकलापमा आयोजनाले प्रदान गर्ने अनुदान सहयोग बढीमा ५० प्रतिशत हुनेगरी आवेदकको लागत सहभागिता स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

(३) दफा २७ बमोजिम छनौट भएका प्रस्तावहरूको स्वीकृत लागतको परिधिमा रही कार्यसम्पादनका लागि केन्द्रीय एकाइले इन्जिनियरिङ डिजाइन र लागत अनुमान तयार गर्नेछ र सोही बमोजिम कार्य सम्पादन गर्ने दायित्व सम्बन्धित अनुदानग्राहीको हुनेछ ।

## परिच्छेद-६
# स्किम ५ कार्यान्वयन सम्बन्धी प्राविधिक पक्षहरू

**३४. अनुदानग्राहीहरूको छनौटः** (१) पेश भएका आवेदनहरूको छनौट सिफारिस गर्न केन्द्रीय एकाइमा देहाय बमोजिमको प्रतिस्पर्धात्मक अनुदान व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) वरिष्ठ कृषि अर्थ विज्ञ, केन्द्रीय एकाइ | संयोजक |
| (ख) राष्ट्रिय टोली प्रमुख, केन्द्रीय एकाइ | सदस्य |
| (ग) अधिकृत प्रतिनिधि, राष्ट्रिय फलफूल विकास केन्द्र | सदस्य |
| (घ) कानून अधिकृत, कृषि, वन तथा पर्यावरण मन्त्रालय | सदस्य |
| (ङ) अधिकृत प्रतिनिधि, कृषि विभाग | सदस्य |
| (च) लेखा अधिकृत, केन्द्रीय एकाइ | सदस्य |
| (छ) कृषि इन्जिनियर, केन्द्रीय एकाइ | सदस्य |
| (ज) योजना अधिकृत, केन्द्रीय एकाइ | सदस्य-सचिव |

(२) आयोजनाका सम्बन्धित विषय विज्ञहरू तथा सम्बन्धित कार्यान्वयन एकाइलाई समितिले आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको कार्य विवरण देहाय अनुसार हुनेछः

(क) पेश भएका आवेदनहरूको अनुसूची ४६ बमोजिम प्रारम्भिक जाँच गरी सोको आधारमा मूल्याङ्कनका लागि योग्य आवेदनहरूको सूची तयार गर्ने ।

(ख) उपदफा (३) (क) बमोजिम सूचीमा परेका आवेदनहरूको समितिका सदस्यको संयोजकत्वमा विषयगत परामर्शदाता विज्ञहरू समेतको संलग्नतामा उपसमितिहरू गठन गरी स्थलगत निरीक्षण सहितको सम्भाव्यता अध्ययन गर्ने/गराउने ।

(ग) यसरी उपदफा (३) (ख) बमोजिम आवेदनको स्थलगत प्रमाणीकरण गर्दा आवेदन कार्यान्वयन हुन सक्ने पर्याप्त आधारहरू नदेखिएमा उपसमितिको सिफारिस बमोजिम त्यस्ता आवेदनहरूलाई अयोग्य ठहर्‍याई मूल्याङ्कन प्रक्रियाबाट हटाउने ।

(घ) उपदफा (३) (ग) स्थलगत प्रमाणीकरणका क्रममा आयोजनाका सम्बन्धित विषयगत परामर्शदाता विज्ञहरूमार्फत आवेदनहरूको वातावरणीय तथा सामाजिक प्रभाव विश्लेषण प्रतिवेदनसमेत तयार गराउने र उक्त प्रतिवेदनको सिफारिसको आधारमा आवेदनहरूको मूल्याङ्कन गर्ने ।

(ङ) उपदफा (३) (ख), (ग) र (घ) बमोजिम प्राप्त प्रतिवेदनको सिफारिसका आधारमा योग्य आवेदनहरूको छनौट गरी प्राथमिकिरण सूची तयार गर्ने ।

(च) उपदफा (३) (ङ) बमोजिम छनौट सूचीमा परेका आवेदनहरूको प्रस्तावित क्रियाकलापहरूका सम्बन्धमा आवेदकसँग वार्ता/छलफलसमेत गरी उपदफा ३ (ख) र ३ (घ) को प्रतिवेदनका सुझावहरूसमेत समावेश गरी क्रियाकलाप, लागत र अधिकतम अनुदान रकम यकिन गरी केन्द्रीय एकाइलाई अन्तिम छनौट निर्णयको लागि सिफारिस गर्ने ।

(छ) समितिले आफ्नो काममा सहयोग गर्न उपसमिति बनाउन सक्ने ।

(ज) यस कार्यविधि अनुसार समितिले गर्नुपर्ने कार्यहरू गर्न/गराउन आवश्यकता अनुसार प्रक्रिया तय गर्ने ।

(४) केन्द्रीय एकाइले उपदफा (३) (च) बमोजिम सिफारिस भएका स्थानीय तहहरूको अन्तिम छनौट तथा अनुदान रकम स्वीकृत गर्नेछ ।

(५) उपदफा (४) बमोजिम स्वीकृत स्थानीय तहहरूको प्रारम्भिक सूची आयोजनाको वेबसाइटमार्फत सार्वजनिकीकरण गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रकाशित सूची उपर दफा ६८ बमोजिम कुनै गुनासो प्राप्त नभएमा स्वीकृत तथा अस्वीकृत आवेदनहरूको अन्तिम सूची आयोजनाको वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्नेछ ।

(७) स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही योग्यता क्रमका आधारमा स्थानीय तहको सङ्ख्या निर्धारण गरिनेछ । यसरी छनौट भएका योग्य आवेदकहरूलाई अर्को आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेटमार्फत सम्बोधन गर्दै लगिनेछ ।

**३५. अनुदान प्रवाहः** (१) यस कार्यविधि अनुरूपका कार्यक्रमहरू सञ्चालन गर्दा अनुदानग्राहीहरूलाई प्रदान गरिने अनुदानको सीमा दफा ६ को व्यवस्था अनुसार दफा ३४ बमोजिमको अन्तिम छनौट निर्णय अनुसार हुनेछ ।

(२) दफा ३४ बमोजिम अनुदान रकम स्वीकृत भएपश्चात् तोकिएको शर्तहरू पूरा गर्न प्रतिवद्ध भएको स्थानीय तहसँग केन्द्रीय एकाइले अनुसूची ५१ अनुसार सम्झौता गर्नेछ ।

(३) उपदफा (२) अनुसार सम्झौता बमोजिमको उप-आयोजना कार्यान्वयन गर्न स्थानीय तहले केन्द्रीय एकाइसँगको समन्वयमा ठेक्का व्यवस्थापन गर्नेछ ।

(४) उपदफा २ अनुसार भएको सम्झौता बमोजिमको कार्य सम्पादनको आधारमा केन्द्रीय एकाइले स्थानीय तहलाई दफा ३६ बमोजिम अनुदान रकम भुक्तानी गर्नेछ ।

**३६. अनुदानको भुक्तानीः** (१) सम्झौता भएका स्थानीयलाई केन्द्रीय एकाइमार्फत प्रदान गरिने अनुदान रकम दफा ३४ अनुसारको सम्झौतामा उल्लिखित कार्य सम्पन्नताको आधारमा बढीमा दुई किस्तामा बैंक खातामार्फत भुक्तानी गर्नेछ। यसरी भुक्तानी गर्दा देहायको विधि अवलम्बन गरिनेछ।

(क) स्थानीय तहले उप-आयोजना कार्यान्वयन गर्न दफा ३५ को उपदफा (२) अनुसारको सम्झौता बमोजिमको कार्य सम्पादनको लागि ठेक्का लगाई सकेपछी सोको सम्झौता र सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि केन्द्रीय एकाइलाई उपलब्ध गराउनुपर्नेछ।

(ख) दफा ३५ को उपदफा (२) अनुसारको सम्झौता बमोजिम केन्द्रीय एकाइले उपलब्ध गराउने अनुदानको सीमा दफा ६ को व्यवस्था अनुसार उपदफा (१) (क) बमोजिम गरिने ठेक्का सम्झौता रकममा नबढ्ने गरी केन्द्रीय एकाइले उपलब्ध गराउनेछ।

(ग) उपदफा (१) (क) बमोजिम गरिने ठेक्का सम्झौता कार्यान्वयनका लागि नियमानुसार सम्बन्धित ठेकेदारलाई उपलब्ध गराउनुपर्ने मोबिलाईजेसन पेश्की रकमको ३० प्रतिशत स्थानीय तहले र ७० प्रतिशत केन्द्रीय एकाइले उपलब्ध गराउनेछ।

(घ) यसरी उपदफा (१) (ग) बमोजिम केन्द्रीय एकाइले उपलब्ध गराउनु पर्ने मोबिलाईजेसन पेश्कीका लागि स्थानीय तहले आवश्यक कागजातसहित अनुरोध गर्नेछ।

(ङ) सम्झौता अनुरूपको कार्य सम्पादन गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(च) सम्झौता अनुरूपको कार्यसम्पन्न भएपश्चात् स्थानीय तहको अनुरोधमा केन्द्रीय एकाइले स्थलगत अनुगमन (प्राविधिक नाप जाँचसमेत) पश्चात् अनुगमन प्रतिवेदन र स्थानीय तह सँगको समन्वयमा कार्य सम्पन्नता प्रतिवेदन तयार गर्नेछ।

(छ) उपदफा (१) (च) बमोजिको कार्यसम्पन्न प्रतिवेदन पेश भएपश्चात् अन्तिम बिलको आधारमा ३० प्रतिशत स्थानीय तहले भुक्तानी गर्नेछ भने बाँकी ७० प्रतिशत रकमको लागि स्थानीय तहको निर्णय साथ खर्चहरूको बिल तथा भरपाईको प्रमाणित प्रतिलिपि, उप आयोजना सञ्चालन गर्नुपूर्वको अवस्था तथा कार्यान्वयनको चरण र सम्पन्न भएका सबै गतिविधिहरू झल्किने फोटोहरू संलग्न राखी आयोजनालाई अनुरोध गर्नेछ।

(ज) उपदफा (१) (छ) बमोजिम स्थानीय तहको अनुरोधपश्चात् केन्द्रीय एकाइले बाँकी अनुदान रकम भुक्तानी गर्नेछ।

(झ) उप-आयोजना सम्पन्न भई फरफारक भएपश्चात् केन्द्रीय एकाइले स्थानीय तहहलाई हस्तान्तरण गर्नेछ।

(ञ) सम्झौता अनुरूप तोकिएको समय सीमाभित्र कार्यसम्पन्न गर्न नसक्ने अवस्था आइपरेमा स्थानीय तहले सम्झौताको अवधि सकिन एक महिना अगावै उचित कारणसहित म्याद थप गर्नका लागि केन्द्रीय एकाइमा निवेदन पेश गरेको खण्डमा आयोजनाले निवेदन उपर अध्ययन, विश्लेषण तथा स्थलगत निरीक्षणसमेत गरी मनासिव कारण देखिएमा नियमानुसार म्याद थप गर्न सक्नेछ।

**३७. अनुदानग्राही संस्थाको योग्यताः** (१) कार्यविधिको दफा ५ बमोजिम स्किम ५ कार्यक्रममा सहभागी हुन देहायको योग्यता पुगेका स्थानीय तहहरू आवेदन पेश गर्न योग्य हुनेछन्।

(क) आयोजना लागू भएको स्थानीय तह,

(ख) पूर्वाधार निर्माणका लागि जग्गाको स्वामित्व र भोगाधिकार पुष्टी हुने प्रमाण पेश गरेको,

(ग) कार्यक्रममा लागत सहभागिता जनाउने सम्बन्धमा कार्यपालिकाको निर्णय समावेश गरेको,

(घ) स्किम २ का लाभग्राहीहरू लाभान्वित हुने विवरण सहितको प्रतिवद्धता पेश गरेको

(ङ) प्रस्तावित कार्यसम्पन्नपश्चात् दीर्घकालीन रूपमा सञ्चालन गर्न आवश्यक पर्ने संस्थागत संरचना र सञ्चालन प्रक्रिया (Operational Modality) प्रस्ताव गरेको।

**३८. अनुदान उपलब्ध गराउन सकिनेने क्रियाकलापहरू:** (१) दफा ५ बमोजिम स्किम ५ कार्यक्रम सञ्चालनका लागि स्थानीय तहलाई देहायका क्रियाकलापहरूमा अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(क) सङ्कलन केन्द्र तथा बजार पूर्वाधार निर्माण एवम् स्तरोन्नतीका कार्यहरू,

(ख) जलवायु परिवर्तन अनुकुलन प्रवर्द्धनका पूर्वाधारहरू जस्तैः पोखरी सिँचाइ, साना सिँचाइ, बहुउपयोगी पानी प्रणाली (Multi Use Water System) लगायतका पूर्वाधारहरू,

(ग) स्किम २ अन्तर्गत कृषक समहु वा सहकारीमार्फत सामूहिक रूपमा एकै स्थानमा स्थापना भएका कम्तीमा ५ हेक्टर फलफूल बगैँचाको संरक्षणका लागि घेरावार (fencing)।

**३९. जग्गाको स्वामित्वः** दफा ३८ को उपदफा (१) (क) र (ख) को हकमा आवेदकले कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरेको जग्गाको उपलब्धता पुष्टी हुने प्रमाण पेश गर्नुपर्नेछ।

**४०. डिजाइन र लागत अनुमानः** (१) आवेदन पेश गर्दा पूर्वाधारको हकमा क्रियाकलापहरूको प्रारम्भिक लागत अनुमान र औजार उपकरणको हकमा समेत प्रारम्भिक लागत अनुमान संलग्न राखी पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको लागत अनुमानमा समावेश भएका हरेक क्रियाकलापमा आयोजनाले प्रदान गर्ने अनुदान सहयोग बढीमा ७० प्रतिशत हुने गरी आवेदकको लागत सहभागिता स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

(३) दफा ३४ बमोजिम छनौट भएका आवेदनहरूको स्वीकृत लागतको परिधिमा रही केन्द्रीय एकाइले इन्जिनियरिङ्ग डिजाइन र लागत अनुमान तयार गर्नेछ र सोही बमोजिम कार्य सम्पादन गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

## परिच्छेद-७

## स्किम ६ कार्यान्वयन सम्बन्धी प्राविधिक पक्षहरू

**४१. अनुदान उपलब्ध गराउन सकिने क्रियाकलापहरू:** (१) दफा ५ अनुसारको स्किम ६ कार्यक्रममा नर्सरी सुदृढीकरणका लागि देहायका क्रियाकलापहरूमा अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(क) माउबोट घर, रुटस्टक घर, कलमी गर्ने घर, बिरुवा हुर्काउने घर (Screen house, Shade house, Green house, Callus house etc.),

(ख) कम्पोष्टिङ संरचना तथा बिक्रीयोग्य बिरुवा राख्ने संरचना (Holding Yard) निर्माण तथा स्तरोन्नती गर्ने कार्य,

(ग) नर्सरीमा सिँचाइ प्रणाली जडान गर्ने कार्य,

(घ) उन्नत जातका बीउ, माउबोट, मूलवृत्त (रुटस्टक) वा सोको बीउ तथा सायन खरिद,

(ङ) नर्सरी सञ्चालनका लागि आवश्यक पर्ने औजार/उपकरणहरूको खरिद,

(च) प्राविधिकले सिफारिस गरेका स्थान विशेष अनुसार नर्सरी क्षमता विस्तारका लागि आवश्यक अन्य नर्सरी पूर्वाधार निर्माण गर्ने कार्यहरू,

(छ) बारबन्देज।

(२) दफा ५ अनुसारको स्किम ६ कार्यक्रम अन्तर्गत नर्सरीहरूको प्रयोगशाला क्षमता सुदृढीकरणका लागि देहायका क्रियाकलापहरूमा अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(क) प्रयोगशालाको क्षमता विस्तारका लागि आवश्यक तन्तु प्रजनन् गर्ने प्रयोगशाला (Tissue Culture Lab) तथा अन्य भौतिक पूर्वाधारहरूको निर्माण सम्बन्धी कार्यहरू,

(ख) प्रयोगशालामा आवश्यक ग्लासवयर आदि उपकरण, मेसिनरी औजार खरिद तथा जडान सम्बन्धी कार्यहरू,

(ग) उन्नत जातका स्वस्थ इनभिट्रोकल्चर तथा एक्सप्लान्टका स्रोतहरूको खरिद सम्बन्धी कार्यहरू,

(घ) पानी शुद्धीकरण प्रणाली (Water Purification System),

(ङ) नियमित बिजुली आपूर्ति प्रणाली

(३) उपदफा (१) र (२) मा उल्लेखित क्रियाकलापहरूको विस्तृतीकरण अनुसूची ५७ बमोजिम हुनेछ।

**४२. आर्थिक पक्ष तथा अनुदान सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि अन्तर्गत सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरूको आर्थिक पक्ष दफा ४६ बमोजिमको सम्झौता अनुसार हुनेछ। यसरी दिइने अनुदान रकम स्वीकृत कूल लागतको बढीमा ५० प्रतिशत हुनेछ।

(२) निजी नर्सरी सुदृढीकरणका लागि प्रदान गरिने अनुदान रकम बढीमा रू. १ करोड २५ लाखसम्म हुनेछ। तर नर्सरीको बारबन्देज को लागि कूल स्वीकृत अनुदान रकममध्ये १५ प्रतिशतमा नबढ्ने गरी उपलब्ध गराउन सकिनेछ।

(३) यसरी नर्सरी सुदृढीकरण कार्यक्रमका लागि अनुदान प्राप्त गरेका नर्सरीधनीहरूले सम्झौता बमोजिम तोकिएको सङ्ख्यामा बिरुवाहरू उत्पादन गर्नुपर्नेछ।

**४३. फलफूल बिरुवाको गुणस्तर**: (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरेका नर्सरीहरूले फलफूल बिरुवा उत्पादन तथा व्यवस्थापन सम्बन्धी प्राविधिक मार्गदर्शन, २०८१ बमोजिमको गुणस्तर कायम गर्नुपर्नेछ।

**४४. आवेदकको न्यूनतम योग्यता**: (१) दफा ५ को स्किम ६ कार्यक्रमका लागि आवेदकहरूको योग्यता देहाय अनुसार हुनुपर्नेछ।

(क) कानून बमोजिम दर्ता भई कम्तीमा ३ वर्षदेखि फलफूल बिरुवा उत्पादन गरिरहेको,

(ख) नर्सरी सुदृढीकरण कार्यक्रमको लागि कम्तीमा ५ (पाँच) रोपनी क्षेत्रफलमा फलफूल नर्सरी सञ्चालन गरेको,

(ग) सम्बन्धित विषयमा सीप वा दक्षता (शैक्षिक योग्यता वा तालिम वा कार्यअनुभव प्राप्त) भएका जनशक्ति कार्यरत रहेको,

(घ) प्रस्तावित कार्यक्रम सञ्चालन हुने जग्गाको आफ्नो स्वामित्वको प्रमाण (लालपूर्जाको प्रतिलिपि) वा जग्गा भाडा वा करार गरेको सम्झौताको प्रतिलिपि (कम्तीमा १५ वर्ष अवधि बाँकी भएको)

**४५. आवेदनहरूको छनौट:** (१) पेश भएका आवेदनहरूको छनौट सिफारिस गर्न केन्द्रीय एकाइमा देहाय बमोजिमको प्रतिस्पर्धात्मक अनुदान व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| (क) वरिष्ठ बागवानी विकास अधिकृत, केन्द्रीय एकाइ | संयोजक |
| (ख) राष्ट्रिय टिम लिडर, केन्द्रीय एकाइ | सदस्य |
| (ग) बागवानी विकास अधिकृत, राष्ट्रिय फलफूल विकास केन्द्र | सदस्य |

| | | |
|---|---|---|
| (घ) | कानून अधिकृत, कृषि, वन तथा पर्यावरण मन्त्रालय | सदस्य |
| (ङ) | अधिकृत प्रतिनिधि, कृषि विभाग | सदस्य |
| (च) | लेखा अधिकृत, केन्द्रीय एकाइ | सदस्य |
| (छ) | कृषि इन्जिनियर, केन्द्रीय एकाइ | सदस्य |
| (ज) | बागवानी अधिकृत, केन्द्रीय एकाइ | सदस्य-सचिव |

(२) आयोजनाका सम्बन्धित विषय विज्ञहरू तथा सम्बन्धित कार्यान्वयन एकाइलाई समितिले आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको कार्यविवरण देहाय अनुसार हुनेछः

(क) पेश भएका आवेदनहरूको अनुसूची ५४ बमोजिम प्रारम्भिक जाँच गरी सोको आधारमा मूल्याङ्कनका लागि योग्य आवेदनहरूको सूची तयार गर्ने।

(ख) दफा ७ बमोजिम स्किम ६ कार्यक्रमका लागि प्राप्त आवेदनहरूको अनुसूची ५५ बमोजिम मूल्याङ्कन गर्ने,

(ग) उपदफा (३) (क) बमोजिम छनौट भएका आवेदनहरूको अनुसूची ५५ बमोजिम ४० (चालिस) अङ्कमा आवेदन मूल्याङ्कन गर्ने र यसरी मूल्याङ्कन गर्दा कूल ४० अङ्कमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेका आवेदनहरूको मात्र स्थलगत प्रमाणीकरण चरणको मूल्याङ्कन गर्ने।

(घ) उपदफा (३) (ग) बमोजिम सूचीमा परेका आवेदनहरूको आवश्यकता अनुसार समितिका सदस्यको संयोजकत्वमा उपसमितिहरू गठन गरी स्थलगत प्रमाणीकरण गर्ने/गराउने।

(ङ) यसरी उपदफा (३) (घ) बमोजिम स्थलगत प्रमाणीकरण गर्दा अनुसूची ५५ बमोजिम आवेदनहरूको ६० अङ्कमा मूल्याङ्कन गर्ने र यसरी मूल्याङ्कन गर्दा कूल ६० अङ्कमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेका आवेदनहरूलाई मात्र विज्ञ सहितको समूहगत छलफल (प्यानल डिस्कसन) को चरणमा मूल्याङ्कन गर्ने।

(च) यसरी उपदफा (३) (ङ) बमोजिम आवेदनको स्थलगत प्रमाणीकरण गर्दा आवेदन कार्यान्वयन हुन सक्ने पर्याप्त आधारहरू नदेखिएमा उपसमितिको सिफारिस बमोजिम त्यस्ता आवेदनहरूलाई अयोग्य ठहर्‍याई मूल्याङ्कन प्रक्रियाबाट हटाउने।

(छ) उपदफा (३) (ङ) बमोजिम स्थलगत प्रमाणीकरणका क्रममा आयोजनाका सम्बन्धित विषयगत परामर्शदाता विज्ञहरूमार्फत आवेदनहरूको वातावरणीय तथा सामाजिक प्रभाव विश्लेषण प्रतिवेदन तयार गराउने र उक्त प्रतिवेदनको सिफारिसको आधारमा आवेदनहरूको मूल्याङ्कन गर्ने।

(ज) उपदफा (३) (छ) अनुसार छनौट भएका आवेदन उपर आवेदकबाट प्रस्तुतीकरण गर्न लगाई अनुसूची ५५ बमोजिम १०० (सय) अङ्कमा समूहगत छलफल (प्यानल डिस्कसन) गरी मूल्याङ्कन गर्ने र यसरी मूल्याङ्कन गर्दा कूल १०० अङ्कमा न्यूनतम ६० प्रतिशत अङ्क प्राप्त गरेका आवेदकलाई वार्ताको चरणमा लैजाने।

(झ) यसरी उपदफा (३) (ज) बमोजिम प्रस्तावको समूहगत छलफल गर्दा आवेदन कार्यान्वयन हुन सक्ने पर्याप्त आधारहरू नदेखिएमा त्यस्ता आवेदनहरूलाई अयोग्य ठहर्‍याई मूल्याङ्कन प्रक्रियाबाट हटाउने।

(ञ) उपदफा (३) (ग), (ङ), (च), (ज) र (झ) अनुसार गरिएको मूल्याङ्कन बमोजिम प्राप्त अङ्कको कूल योगफलका आधारमा आवेदनहरूको योग्यताक्रमसहित अन्तिम सूची निर्धारण गर्ने।

(ट) उपदफा (३) (ञ) बमोजिम योग्यताक्रममा परेका आवेदनहरूको प्रस्तावित क्रियाकलापहरूका सम्बन्धमा आवेदकसँग वार्ता/छलफलसमेत गरी उपदफा ३ (छ) को प्रतिवेदनका सुझावहरूसमेत समावेश गरी परिष्कृत क्रियाकलाप, लागत र अधिकतम अनुदान रकम यकिन गरी केन्द्रीय एकाइलाई अन्तिम छनौटको लागि सिफारिस गर्ने ।

(ठ) समितिले आफ्नो काममा सहयोग गर्न उपसमिति बनाउन सक्ने ।

(ड) यस कार्यविधि अनुसार समितिले गर्नुपर्ने कार्यहरू गर्न/गराउन आवश्यकता अनुसार प्रक्रिया तय गर्ने ।

(४) केन्द्रीय एकाइले उपदफा (३) (ट) बमोजिम सिफारिस भएका अनुदानग्राहीहरूको अन्तिम छनौट तथा अनुदान रकम स्वीकृत गर्नेछ ।

(५) उपदफा (४) बमोजिम स्वीकृत अनुदानग्राहीहरूको प्रारम्भिक सूची आयोजनाको वेबसाइटमार्फत सार्वजनिकीकरण गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रकाशित सूची उपर दफा ६८ बमोजिम कुनै गुनासो प्राप्त नभएमा स्वीकृत तथा अस्वीकृत आवेदनहरूको अन्तिम सूची आयोजनाको वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्नेछ ।

(७) अनुदानग्राहीको सङ्ख्या स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही योग्यता क्रमका आधारमा निर्धारण गरिनेछ । यसरी छनौट भएका योग्य आवेदकहरूलाई अर्को आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेटमार्फत सम्बोधन गर्दै लगिनेछ ।

**४६. अनुदान प्रवाहः** (१) यस कार्यविधि अनुरूपका कार्यक्रमहरू सञ्चालन गर्दा अनुदानग्राहीहरूलाई प्रदान गरिने अनुदानको सीमा दफा ६ को व्यवस्था अनुसार दफा ४५ बमोजिमको अन्तिम छनौट निर्णय अनुसार हुनेछ ।

(२) दफा ४५ बमोजिम अनुदान रकम स्वीकृत भएपश्चात् तोकिएको शर्तहरू पूरा गर्न प्रतिवद्ध भएको अनुदानग्राहीसँग केन्द्रीय एकाइले अनुसूची ५६ अनुसार सम्झौता गर्नेछ ।

(३) उपदफा २ अनुसार भएको सम्झौता बमोजिमको कार्य सम्पादनको आधारमा केन्द्रीय एकाइले अनुदानग्राहीलाई दफा ४७ बमोजिम अनुदान रकम भुक्तानी गर्नेछ ।

**४७. अनुदान रकम भुक्तानीः** (१) अनुदानग्राहीलाई केन्द्रीय एकाइमार्फत प्रदान गरिने अनुदान रकम दफा ४६(२) अनुसारको सम्झौतामा उल्लिखित कार्य सम्पन्नताको आधारमा बढीमा दुई किस्तामा बैंक खातामार्फत भुक्तानी गर्न सकिनेछ । यसरी भुक्तानी गर्दा देहायको विधि अवलम्बन गरिनेछ ।

(क) अनुदानग्राहीले पहिलो किस्ता माग गर्न सम्झौतामा उल्लेखित मूख्य क्रियाकलापहरू र कूल लागतको न्यूनतम ५० प्रतिशत बराबरको कार्यसम्पन्न गरी भुक्तानीको लागि अनुसूची ४९ निवेदन दिनुपर्नेछ ।

(ख) उपदफा (१) (क) बमोजिम प्राप्त निवेदनका आधारमा केन्द्रीय एकाइले प्राविधिक नापजाँच गराई कार्यसम्पन्न प्रतिवेदन तयार गराउनेछ । यसरी प्राप्त हुने प्राविधिक नापजाँचको प्रतिवेदन र केन्द्रीय एकाइबाट स्थलगत अनुगमनपश्चात् अनुगमन प्रतिवेदन समेतको आधारमा निवेदनमा उल्लेख गरे बमोजिमको कार्य सम्पन्नता भएको यकिन भएमा उक्त कार्यका लागि सम्झौतामा उल्लेख गरिएको रकमको बढीमा ४० प्रतिशत सम्म (प्रथम किस्ता स्वरूप) अनुदान रकम अनुदानग्राहीलाई उपलब्ध गराउन सक्नेछ ।

(२) सम्झौता बमोजिम अन्तिम भुक्तानी हुन बाँकी अनुदान रकम सम्झौता अनुसार कार्यसम्पन्न गरी केन्द्रीय एकाइमा अनुसूची ४९ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ ।

(क) अनुदानग्राहीले भुक्तानी माग गर्दा निवेदनसहित सम्झौता बमोजिमको कार्यगर्दा भएका खर्चहरूको सक्कल बिल तथा भरपाई, कार्यक्रम सञ्चालन गर्नुपूर्वको अवस्था तथा कार्यान्वयनको चरण र सम्पन्न भएका सबै गतिविधिहरू झल्किने फोटो/भिडियोहरू, अनुसूची ५९ बमोजिमको सार्वजनिक सुनुवाईको प्रतिवेदन (अन्तिम किस्ता भुक्तानीको हकमा) केन्द्रीय एकाइमा पेश गर्नुपर्नेछ।

(ख) उपदफा (२) (क) बमोजिम प्राप्त निवेदनका आधारमा केन्द्रीय एकाइले प्राविधिक नापजाँच गराई कार्यसम्पन्न प्रतिवेदन तयार गराउनेछ। यसरी प्राप्त हुने प्राविधिक नापजाँचको प्रतिवेदन र केन्द्रीय एकाइबाट स्थलगत अनुगमनपश्चात् अनुगमन प्रतिवेदन समेतको आधारमा निवेदनमा उल्लेख गरे बमोजिमको कार्य सम्पन्नता भएको यकिन भएमा उक्त कार्यका लागि सम्झौतामा उल्लेख गरिएको रकममा नबढ्ने गरी बाँकी अनुदान रकम अनुदानग्राहीलाई उपलब्ध गराउनेछ।

(३) अनुदानग्राहीलाई केन्द्रीय एकाइमार्फत प्रदान गरिने अनुदान रकम सम्झौतामा उल्लिखित कार्यसम्पन्न भएपश्चात् मात्र पहिलो तथा दोस्रो वा अन्तिम किस्ता स्वरूप अनुदानग्राहीलाई अनुदान भुक्तानी गरी सोको अभिलेख अनुसूची ५८ बमोजिम राख्नुपर्नेछ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएतापनि यदि अनुदानग्राहीले सम्झौता बमोजिम सम्पूर्ण कार्यसम्पन्न गरी सकेपश्चात् उपदफा (२) बमोजिमका कागजातसहित शत प्रतिशत अनुदान रकम एकमुष्ट माग गरेको खण्डमा समेत उपदफा (३) बमोजिम अनुदान भुक्तानी गर्न बाधा परेको मानिने छैन।

(५) सम्झौता अनुरूप तोकिएको समय सीमाभित्र कार्यसम्पन्न गर्न नसक्ने अवस्था आइपरेमा अनुदानग्राहीले सम्झौताको अवधि सकिन एक महिना अगावै उचित कारणसहित म्याद थप गर्नका लागि आयोजनामा निवेदन पेश गरेको खण्डमा आयोजनाले निवेदन उपर अध्ययन, विश्लेषण तथा स्थलगत निरीक्षणसमेत गरी मनासिव कारण देखिएमा स्वीकृत अनुदान रकममा नबढ्ने गरी कूल सम्झौता अवधिको १० प्रतिशतसम्म म्याद थप गर्न सक्नेछ।

## परिच्छेद-८

# अगुवा कृषक परिचालन सम्बन्धी प्राविधिक पक्षहरू

४८. **अगुवा कृषकको न्यूनतम योग्यता:** (१) यस कार्यविधि बमोजिम अगुवा कृषकको रूपमा कार्य गर्न आवश्यक पर्ने कृषकको न्यूनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ।

(क) साधारण लेखपढ गर्न सक्ने।

(ख) कम्तीमा २ रोपनी जमिनमा फलफूल खेती गरिरहेको।

(ग) फलफूल बगैंचा नजिकै सिँचाइको स्रोत भएको।

(घ) फलफूल खेती सम्बन्धी नविनतम प्रविधिहरू परीक्षण तथा प्रदर्शन कार्यक्रम सञ्चालन गर्न इच्छुक।

(ङ) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा भएको।

(च) फलफूल खेती सम्बन्धी तालिम लिएको।

(छ) स्वयम्सेवीको रूपमा सेवा दिन र कार्य गर्न अनुसूची ६१ बमोजिमको प्रतिवद्धता गरेको।

(ज) अनुसूची ६२ बमोजिमको व्यक्तिगत विवरण।

**४९. अगुवा कृषक छनौटः** (१) दफा ७ बमोजिम अगुवा कृषक परिचालन कार्यक्रमका लागि प्राप्त आवेदन अनुसार अगुवा कृषक छनौट गर्न स्थानीय तहमा देहाय बमोजिमको समिति रहनेछ ।

(क) स्थानीय तहको कृषि शाखा प्रमुख — संयोजक

(ख) स्थानीय तहको प्रशासन शाखाको कर्मचारी प्रतिनिधि — सदस्य

(ग) आयोजनाको कृषक सहजकर्ता — सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयको प्राविधिक प्रतिनिधिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले दफा ७ बमोजिम अगुवा कृषक परिचालन कार्यक्रमका लागि प्राप्त हुने आवेदनहरूको अनुसूची ६३ बमोजिम मूल्याङ्कन गरी वडागत योग्यताक्रम तयार गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको योग्यता क्रमका आधारमा समितिले स्थानीय तहस्तरको समग्र योग्यताक्रम तयार गरी अनुसूची ६४ बमोजिमको मूल्याङ्कन प्रतिवेदन सम्बन्धित कार्यान्वयन एकाइमा सिफारिस गर्नेछ । यसरी छनौट गर्दा एक वडाबाट एक जनाभन्दा बढी नहुने गरी अगुवा कृषक सिफारिस गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा सम्बन्धित कार्यान्वयन एकाइले प्रति स्थानीय तहबाट ५ जनामा नबढ्ने गरी योग्यताक्रमको आधारमा एक वडाबाट एक जना अगुवा कृषक छनौट गरी परिचालन गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम छनौट भएका अगुवा कृषक कार्य गर्न इच्छुक नरहेमा वा सम्झौता अनुरूप कार्य नगरेमा वा अन्य कारणवश उक्त स्थान रिक्त हुन गएमा कार्यान्वयन एकाइले उपदफा (४) बमोजिमको योग्यताक्रमका आधारमा अगुवा कृषक छनौट गरी परिचालन गर्न सक्नेछ ।

(७) उपदफा (३) बमोजिम अगुवा कृषक छनौट गर्दा महिला, दलित तथा पिछडिएको समुदायलाई प्राथमिकता दिनुपर्नेछ ।

(८) यसरी उपदफा (३) बमोजिम अगुवा कृषक छनौट गर्दा महिला सहभागिता ३० प्रतिशत तथा दलित एवम् पिछडिएको समुदायको सहभागिता २० प्रतिशत सुनिश्चित गर्नुपर्नेछ ।

(९) उपदफा (५) बमोजिम छनौट भई परिचालन हुने अगुवा कृषकहरूको विवरण सम्बन्धित कार्यान्वयन एकाइ र केन्द्रीय एकाइले अद्यावधिक गरी सार्वजनिक गर्नेछन् ।

**५०. अगुवा कृषकको कार्यविवरणः** (१) यस कार्यविधि बमोजिम छनौट भई परिचालन हुने अगुवा कृषकहरूले सम्बन्धित कृषक सहजकर्ताको सुपरिवेक्षण तथा समन्वयमा देहाय बमोजिमका कार्यहरू सञ्चालन गर्न सहयोग गर्नुपर्नेछ ।

(क) आयोजना लक्षित बालीहरू सम्बन्धी प्रविधिहरू (Package Of Practices) को तालिम प्राप्त गरी उक्त प्रविधिहरूको प्रसार तथा पृष्ठपोषण गर्ने ।

(ख) आयोजनाका लाभग्राहीहरूलाई आयोजना लक्षित बालीहरूको बगैँचा स्थापना तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूका तरिका प्रदर्शन (Method Demonstration) गर्ने ।

(ग) स्थानीय तहमा आयोजनाका लाभग्राहीहरूलाई फलफूल बगैँचा स्थापनाको महत्त्वपूर्ण अवस्थाहरू (बगैँचा रेखाङ्कन गर्ने, खाडल खन्ने, मल राख्ने, खाडल पुर्ने, बिरुवा रोप्ने, काँटछाँट गर्ने, रोग कीरा व्यवस्थापन, बगैँचा व्यवस्थापन, आदि) मा स्थलगत निरीक्षण तथा प्राविधिक पृष्ठपोषण गर्ने ।

(घ) स्थानीय तहमा आयोजना र लाभग्राहीको बीचमा सम्पर्क व्यक्तिको रूपमा कार्य गर्ने ।

(ङ) आयोजनाका बारेमा स्थानीयस्तरमा अभिमुखीकरणका लागि समन्वय गर्ने ।

(च) आवश्यकता अनुसार प्रतिवेदन तयारीका लागि तथ्याङ्क/सूचना सङ्कलनमा सहयोग गर्ने ।

(छ) सम्बन्धित स्थानीय तहको कृषि शाखा तथा कृषक सहजकर्ताले तोकेका आयोजनासँग सम्बन्धित अन्य कार्यहरू सम्पादन गर्ने ।

(ज) गुरु किसानको रूपमा विकास भई सिकाइ केन्द्रको रूपमा फलफूल खेती सम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउने कार्यहरू सम्पादन गर्ने ।

**५१. सम्झौता:** (१) दफा ४९ बमोजिम छनौटको लागि सिफारिस भएका अगुवा कृषकहरूसँग सम्बन्धित स्थानीय तहको कृषि शाखाको समन्वयमा प्रादेशिक कार्यान्वयन एकाइले अनुसूची ६५ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ । सम्झौता बमोजिम अगुवा कृषकले सन्तोषजनक कार्य गर्न नसकेमा सम्बन्धित प्रादेशिक कार्यान्वयन एकाइले जुनसुकै बखत सम्झौता रद्द गरी कार्यबाट हटाउन सक्नेछ ।

(२) दफा ४९ बमोजिम छनौट भई उपदफा (१) बमोजिम सम्झौता भएका अगुवा कृषकहरूलाई कार्यान्वयन एकाइले अनुसूची ६६ बमोजिमको परिचय पत्र प्रदान गर्नेछ ।

**५२. अगुवा कृषकको क्षमता विकास र सेवा सुविधा:** (१) यस कार्यविधि बमोजिम छनौट भएका अगुवा कृषकहरूको क्षमता विकासका लागि आयोजनाले तालिम (खेती प्रविधि, बगैँचा व्यवस्थापन, डिजिटल प्रविधि आदि), गोष्ठी, प्राविधिक भ्रमण तथा सीप विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्नेछ ।

(२) आयोजनाका लाभग्राहीको क्षमता विकास गर्न बगैँचा व्यवस्थापनसँग सम्बन्धित क्रियाकलापहरूको प्रदर्शन कार्य सञ्चालनको लागि आयोजनाले परिचालन गर्ने प्रत्येक अगुवा कृषकलाई रू. ३० हजारमा नबढ्ने गरी अनुसूची ६८ बमोजिमका सामग्री तथा उपकरणहरू सम्बन्धित कार्यान्वयन एकाइमार्फत शत प्रतिशत अनुदानमा उपलब्ध गराउनेछ ।

(३) यस कार्यविधि बमोजिम छनौट भई कार्य गर्ने अगुवा कृषकले ३ वर्षभन्दा कम समयमै अगुवा कृषकको रूपमा कार्य गर्ने छाडेमा वा कार्यप्रगति सन्तोषजनक नभएमा उपदफा २ बमोजिम उपलब्ध गराइएका सामग्रीहरू सम्बन्धित प्रादेशिक कार्यान्वयन एकाइमा फिर्ता गर्नुपर्नेछ ।

(४) आयोजनाका लाभग्राहीहरूको क्षमता विकासका क्रियाकलापहरू सञ्चालन गर्ने कार्यको समन्वयका लागि अगुवा कृषकहरूलाई प्रोत्साहन स्वरूप (यातायात, सञ्चार तथा खाजा खर्च बापत) मासिक एकमुष्ठ रू. ५ हजारका दरले अधिकतम तीन वर्षसम्म अनुसूची ६७ बमोजिमको मासिक प्रतिवेदनका आधारमा सम्बन्धित कार्यान्वयन एकाइमार्फत उपलब्ध गराउनेछ ।

(५) अगुवा कृषकलाई लाभग्राहीहरूको मागका आधारमा फलफूल बगैँचा व्यवस्थापन लगायतका विषयमा तोकिएका बाहेक अन्य सेवा प्रदान गरे बापत सम्बन्धित लाभग्राहीबाट आपसी सहमतिमा सेवा शुल्क लिन सक्नेछन् ।

**५३. गुरु कृषकको रूपमा विकास गरिने**: (१) दफा ४९ बमोजिम छनौट भएका अगुवा कृषकहरूको क्षमता विकासमार्फत् गुरु कृषकको रूपमा विकास गरिनेछ ।

**५४. भुक्तानी**: (१) सम्बन्धित प्रदेशको कार्यान्वयन एकाइले स्थायी लेखा नम्बर तथा मासिक प्रतिवेदनको आधारमा बैंक खातामार्फत् अगुवा कृषकले पाउने प्रोत्साहन सुविधा भुक्तानी गर्नेछ ।

५५. **सुपरिवेक्षणः** (१) यस कार्यविधि बमोजिम परिचालन हुने अगुवा कृषकहरूले सञ्चालन गर्ने क्रियाकलापहरूको सुपरिवेक्षण सम्बन्धित कृषक सहजकर्ताले गर्नेछन् भने स्थानीय तहको कृषि शाखा तथा कार्यान्वयन एकाइले समेत आवश्यकता अनुसार सुपरिवेक्षण गर्नेछन्।

(२) अगुवा कृषकहरूले आफूले सञ्चालन गरेका क्रियाकलापहरूको विवरण नियमित रूपमा सम्बन्धित कृषक सहजकर्ता समक्ष पेश गर्नु पर्नेछ। कृषक सहजकर्ताले आफू मातहतका अगुवा कृषकहरूको कार्य प्रगति विवरण (प्रतिवेदन) अनुसूची ६७ बमोजिमको ढाँचामा त्रैमासिक रूपमा कार्यान्वयन एकाइमा पेश गर्नुपर्नेछ।

## परिच्छेद-९
## अनुगमन, निरीक्षण र अभिलेख व्यवस्थापन

५६. **कार्यक्रमको अनुगमन, मूल्याङ्कन र अभिलेखः** (१) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको प्रमुख जिम्मेवारी सम्झौता गर्ने निकायको हुनेछ। साथै मन्त्रालय, कृषि विभाग, केन्द्रीय एकाइ, तथा अन्तर्गतका निकायहरू, स्थानीय तह र अन्य सरोकारवाला निकायहरूले समेत आवश्यकता अनुसार अनुगमन गरी पृष्ठपोषण गर्न सक्नेछन्। यसरी हुने अनुगमनको प्रतिवेदन अनुसूची ६९ बमोजिम केन्द्रीय एकाइ वा कार्यान्वयन एकाइमा पेश गर्नुपर्नेछ।

(२) यस कार्यविधि अनुसार सञ्चालन हुने कार्यक्रमहरूको विस्तृत अभिलेख, केन्द्रीय एकाइ तथा कार्यान्वयन एकाइहरूले अद्यावधिक गरी राख्नु पर्नेछ।

५७. **सम्झौता अन्त्य गर्न सक्नेः** (१) दफा ५६ बमोजिम प्राप्त अनुगमन तथा निरीक्षण प्रतिवेदन अनुसार अनुदानग्राहीले प्राप्त अनुदानको दुरूपयोग गरेको वा सम्झौताको शर्तहरूको परिपालना नगरेको पाइएमा अनुगमन प्रतिवेदनको सिफारिसको आधारमा सम्झौता गर्ने निकायले पहिलो पटक मनासिव समयसारीणीसहितको अवधि दिई देहाय बमोजिम गर्न सक्नेछः

(क) सम्झौता बमोजिम उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

(ख) सम्झौतामा उल्लेख भएका तर अधुरा कार्यहरू सुचारु गर्न लगाउने, र

(ग) सम्झौताको शर्तहरूको पालना नभएकोमा पालना गर्न लगाउने।

(२) उपदफा (१) बमोजिम दिइएको समयभित्र अनुदानग्राहीले आवश्यक सुधार नगरेमा बढीमा तीस दिनको समयावधी दिई अनुदानग्राहीलाई सम्झौता अन्त्यको सूचना दिन सक्नेछ। उक्त तीस दिनको अवधिमा समेत अनुदानग्राहीले सम्झौता अनुरूप कार्य नगरेमा सम्झौता गर्ने निकायले सम्झौता अन्त्य गर्न सक्नेछ।

५८. **विवरण प्रकाशन गर्नु पर्नेः** (१) यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउने प्रत्येक निकायले अनुदानग्राहीहरूको विवरण नियमित रूपमा अद्यावधिक गरी सार्वजनिकीकरण गर्नुपर्नेछ। यसका साथै कार्यक्रम सञ्चालन स्थलमा सम्बन्धित अनुदानग्राहीले अनुसूची ६० बमोजिमको विवरण खुलाई उप-आयोजना सूचना पाटी अनिवार्य रूपमा राख्नुपर्नेछ।

५९. **सार्वजनिक सुनुवाईः** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न गरिसकेपछि अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदनसहित अनिवार्य रूपमा स्थानीय जनप्रतिनिधिको रोहवरमा अनुसूची ५९ को ढाँचामा सार्वजनिक सुनुवाईको आयोजना गरी जानकारी दिनुपर्नेछ।

## परिच्छेद-१०
# विविध

**६०. सञ्चालन, मर्मत सम्भार तथा व्यवस्थापन:** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने उप-आयोजनाको सञ्चालन, मर्मत सम्भार तथा व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

(२) उप-आयोजना सञ्चालन र समग्र व्यवस्थापन सम्बन्धी विषयमा अनुदानग्राहीहरूको क्षमता अभिवृद्धि आयोजनाले गर्नेछ।

**६१. अनुदानको प्रभावकारिता:** (१) यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको सदुपयोग तथा प्रभावकारिता सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

**६२. अनुदानग्राही जिम्मेवार हुने**: (१) कुनै विशेष कारणवस वा काबू बाहिरको परिस्थिति परी सम्झौता अनुरूप तोकिएका समय सीमाभित्र कार्यसम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तान नभएमा अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

(२) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम काबु बाहिरको परिस्थितिबाहेक न्यूनतम ५ वर्षसम्म निरन्तर सञ्चालन गर्नुपर्नेछ। कार्यविधि बमोजिम सिर्जित सम्पत्तिको बेचविखन वा तोकिए बाहेकको प्रयोजनको लागि उपयोग गर्न पाइनेछैन। सो गरेको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) सम्झौता अनुसारको निर्माण सम्पन्न र भुक्तानीपश्चात् कुनै प्राकृतिक विपद, काबु बाहिरको परिस्थिति, आगजनी वा अन्य कारणले नोक्सान भएमा ३५ दिनभित्र स्थानीय तहको सिफारिस र प्रहरी मुचुल्काका आधारमा प्रमाणित गरी अनुदानग्राहीले केन्द्रीय एकाइमा सोको विवरण पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) अनुसारको अवस्थामा निर्देशक समितिले एसियाली विकास बैंकको रायसमेतको आधारमा फरफारक (Settlement) गर्न केन्द्रीय एकाइलाई निर्देश गर्न सक्नेछ।

(५) उपदफा (४) अनुसारको कार्यको सिफारिसको लागि निर्देशक समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(६) उपदफा (४) अनुसार फरफारक (Settlement) गर्दा उपदफा (५) बमोजिमको उप-समितिबाट प्राप्त हुने कार्य सम्पन्नताको मूल्याङ्कन प्रतिवेदनका आधारमा गर्नेछ।

(७) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा अनुदानग्राहीले प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थिति बाहेकको अवस्थामा सम्झौता बमोजिमको कार्य सम्पादन नगरेमा सोको भुक्तानी गर्न केन्द्रीय एकाइ वा कार्यान्वयन एकाइ बाध्य हुने छैन।

**६३. साधारण सभालाई जानकारी गराउनु पर्ने**: (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त भएपछि अनुदानग्राहीले लगत्तै बस्ने संस्थाको साधारण सभामा (सहकारी तथा कृषि उद्यमी वा समूहको हकमा) वा कार्यपालिकाको बैठकमा (स्थानीय तहको हकमा) सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ।

**६४. खरिद सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम अन्तर्गतका खरिद कार्यहरू सार्वजनिक खरिद ऐन बमोजिम गर्नुपर्नेछ।

**६५. बीमामा प्रोत्साहन:** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने उप-आयोजनाहरूको बीमा गर्न प्रोत्साहन गरिनेछ।

**६६. दोहोरो सुविधा लिन नपाउने:** (१) अनुदानग्राहीले यस कार्यविधि अनुरूप सम्झौता भएका क्रियाकलापहरूको लागि अन्य निकायबाट पुन: अनुदान प्राप्त गर्न सक्नेछैनन।

**६७. आयोजनाका शर्तहरूको पालना:** (१) यस कार्यविधि बमोजिमका कार्यक्रमहरूको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आयोजनाले तयार गरेका सर्त तथा मापदण्डहरूको परिपालना गर्नु अनुदानग्राहीको जिम्मेवारी हुनेछ। साथै यस कार्यविधिमा नमूनाका रूपमा सम्झौताको ढाँचा संलग्न गरिएको हुँदा यसको मर्म तथा आशयमा फरक नपर्ने गरी सम्झौता गर्ने निकायले सम्झौताका शर्तहरूमा आवश्यकता अनुरूप परिमार्जन गरी सम्झौता गर्न सक्नेछन्।

**६८. गुनासो तथा उजुरी**:(१) यस कार्यविधि अनुसारका कार्यक्रम सञ्चालनसँग सम्बन्धित कुनै किसिमका उजुरी वा गुनासोहरू आयोजनाको गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० अनुसार व्यवस्थापन गरिनेछ।

(२) यस कार्यविधि बमोजिम छनौट भईसार्वजनिकीकरण गरेको अनुदानग्राहीको सूची उपर सम्बन्धित सरोकारवालाहरूबाट कुनै किसिमको गुनासो भएमा सूचनाको मितिले सात दिनभित्र कार्यक्रम कार्यान्वयन गर्ने निकायमा लिखित रूपमा गुनासो पेश गर्न सकिनेछ।

**६९. अनुगमन खर्च उपलब्ध गराइने:** (१) यस कार्यविधि बमोजिमका समितिहरू र सो अन्तर्गत कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायका प्रतिनिधिलाई केन्द्रीय एकाइ वा कार्यान्वयन एकाइले अनुगमन खर्च प्रदान गर्न सक्नेछ।

(२) यस कार्य विधिको परिच्छेद ४, परिच्छेद ५, परिच्छेद ६ र परिच्छेद ७, का कार्यक्रमका लागि प्राप्त प्रस्तावहरूको मूल्याङ्कनका चरणमा समूहगत छलफल (प्यानल डिस्कसन) मा संलग्न हुने विज्ञलाई प्रति प्रस्ताव रू. २ हजारका दरले पारिश्रमिक उपलब्ध गराइनेछ।

**७०. प्रचलित कानून बमोजिम हुने**: (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरू सोही अनुसार हुने र उल्लेख नभएका विषयहरूको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ।

**७१. बाधा अड्काउ फुकाउने**: (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा व्याख्या गरी बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयमा निहित रहनेछ।

(२) मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

**७२. संशोधन तथा परिमार्जन**: (१) मन्त्रालयले यस कार्यविधिमा आवश्यक परिमार्जन एवम् संशोधन गर्न सक्नेछ।

**७३. खारेजी तथा बचाउ**: (१) आयोजना सञ्चालन सम्बन्धी कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूका लागि अनुदान व्यवस्थापन कार्यविधि, २०८१, निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ र अगुवा कृषक परिचालन कार्यविधि, २०८१ खारेज गरिएका छन्।

(२) खारेज गरिएका कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची १

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

# कार्यक्रम लागू हुने स्थानीय तहहरूको विवरण

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| १ | कोशी | पाँचथर | हिलिहाङ, फिदिम |
| | | तेह्रथुम | आठराई, लालीगुराँस, म्याङलुङ, फेदाप |
| | | धनकुटा | छथर जोरपाटी, धनकुटा, महालक्ष्मी, पाख्रिबास |
| | | भोजपुर | अरुण, पौवादुङ्मा |
| | | खोटाङ | हलेसी तुवाचुङ, रावा बेसी, दिक्तेल रूपाकोट मझुवागढी |
| | | ओखलढुङ्गा | चम्पादेवी, मानेभन्ज्याङ, सुनकोशी |
| | | सोलुखुम्बु | सोलुदुधकुण्ड, थुलुङ दुधकोशी, माप्य दुधकोशी |
| २ | बागमती | नुवाकोट | लिखु, तादी |
| | | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी, ईन्द्रावती, मेलम्ची |
| | | धादिङ | नेत्रावती डबजोङ, त्रिपुरासुन्दरी, गजुरी |
| ३ | गण्डकी | गोरखा | आरूघाट, पालुङटार, सिरानचोक |
| | | लमजुङ | बेसीशहर, मध्यनेपाल, मर्स्याङ्दी, राइनास, सुन्दरबजार |
| | | तनहुँ | म्याग्दे, ऋसिङ्ग |
| | | कास्की | अन्नपूर्ण, मादी, पोखरा |
| | | स्याङ्जा | बिरुवा, चापाकोट, गल्याङ |
| | | पर्वत | जलजला, कुश्मा, मोदी, फलेवास |
| | | मुस्ताङ | वारागुङ मुक्तिक्षेत्र, लो-घेकर दामोदरकुण्ड, घरपझोङ, थासाङ |
| | | मनाङ | नार्सों, मनाङ ङिस्याङ, चामे |
| | | म्याग्दी | अन्नपूर्ण, बेनी |
| | | बाग्लुङ | बडिगाड, गल्कोट, जैमिनी, काठेखोला, निसीखोला |

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| ४ | कर्णाली | रुकुम पश्चिम | बाँफिकोट, मुसिकोट, सानी भेरी |
| | | सल्यान | सिद्ध कुमाख, शारदा |
| | | जाजरकोट | छेडागाड, जुनीचाँदे |
| | | दैलेख | आठवीस, नारायण,चामुन्डा बिन्द्रासैनी |
| | | कालीकोट | शुभकालिका, नरहरीनाथ |
| | | जुम्ला | हिमा, सिंजा, कनकासुन्दरी |
| | | मुगु | खत्याड, सोरु |
| | | हुम्ला | ताँजाकोट, अदानचुली |
| | | डोल्पा | मुड्केचुला |
| ५ | सुदूरपश्चिम | अछाम | बान्नीगढी जयगढ, कमलबजार, मंगलसेन, पञ्चदेवल विनायक, तुर्माखाँद |
| | | बाजुरा | बुढीनन्दा, जगन्नाथ, स्वामीकार्तिक खापर |
| | | बैतडी | दशरथचन्द, पाटन |
| | | बझाङ | छबिसपाथिभेरा, मष्टा, जयपृथ्वी, बुङ्गल |
| | | दार्चुला | शैल्यशिखर, लेकम |
| जम्मा | ५ | ३४ | १०० |

**अनुसूची-२**

(दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

# फलफूल बगैँचा स्थापना कार्यक्रममा आवद्ध हुन आवेदन आह्वानको सूचनाको ढाँचा

**श्री पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना**

**आयोजना कार्यान्वयन एकाइ**

……………............... प्रदेश

……………………...........

प्रथम पटक सूचना प्रकाशित मितिः ………………

**फलफूल बगैँचा स्थापना कार्यक्रममा आवद्ध हुन आवेदन आह्वान सम्बन्धी सूचना**

यस आयोजनाको **"पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** अनुसार तपसिलमा उल्लिखित स्थानीय तहहरूमा देहायका बालीहरूको बगैँचा स्थापनामा अनुदान प्रदान गर्ने कार्यक्रम रहेको हुँदा यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूलाई आवश्यक कागजातहरूसहित सम्बन्धित स्थानीय तहहरूमा सूचना प्रकाशन भएको मितिले …… दिनभित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | कार्यक्रम लागू भएका स्थानीय तह | लक्षित फलफूल बालीहरू |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**आवेदनसहित संलग्न गर्नुपर्ने कागजातहरूको विवरण**

(क) अनुसूची ९ बमोजिमको निवेदन र अनुसूची १५ बमोजिमको फाराम,

(ख) कृषक समूह/सहकारी/कम्पनी वा निजी फर्म दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि,

(ग) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) कृषक समूहको हकमा विधान, सहकारीको हकमा विनियम तथा कृषि उद्यमीको हकमा प्रवन्धपत्रको प्रतिलिपि,

(ङ) अनुसूची १७ र सो बमोजिमको संस्थागत निर्णयको प्रतिलिपि,

(च) अनुसूची १८ बमोजिमको सहमति पत्र,

(छ) प्रस्तावित कार्यक्रम सञ्चालन हुने जग्गाको आफ्नो स्वामित्वको प्रमाण (लालपूर्जाको प्रतिलिपि) वा जग्गा भाडा वा करार गरेको सम्झौताको प्रतिलिपि (कम्तीमा १५ वर्ष अवधिको),

(ज) अनुसूची १९ र सो बमोजिमको निर्णयको प्रतिलिपि,

(झ) अनुसूची २० बमोजिमको स्वघोषणा,

(ञ) अनुसूची २२ बमोजिमको Environmental Screening Checklist तथा अनुसूची २३ बमोजिमको सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची,

(ट) अन्य (आवश्यकता अनुसार)।

